तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epprateekdaily.com




Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ ०१ गते शनिबार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्लुछ // 2022 January 15 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४०

## कोभिड सङ्क्रमण दर बढ्दै, एक सातामा १४१ जना सङ्क्रमित

नितेश कर्ण, वीरगंज, ३० पुस/ नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले कोभिड सङ्क्रमण दर बढिरहेको बताएका छन्।



नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंह। तस्वीरः प्रतीक



उनले अस्पतालमा एक साता अघिसम्म सङ्क्रमितहरू देखा नपरेको र अहिले एक सातामैं १४१ जना सङ्क्रमित पुष्टि भएको बताए। डा सिंहले सङ्क्रमित पुष्टि भएकाहरूमध्ये तीनजना अस्पतालमा भर्ना भएका र बाँकी घरमै आइसोलेट रहेको बताएका छन्।

सङ्क्रमितहरूमा रुघाखोकी, घाँटी दुख्ने, जिउ दुख्नेजस्ता समस्या देखिएको उनले बताए। अहिले घरघरमा रुघाखोकीका बिरामी भएको तर जाँचको दायरा फराकिलो नहुँदा सङ्क्रमण नदेखिएको बताए। उनले जाँचको दायरा बढेको खण्डमा सङ्क्रमितहरू बढ्न सक्ने बताए। अहिले देखापरेका सङ्क्रमितहरूमा ९ देखि १८ वर्षका बालबालिकाहरू पनि छन्। महानगरको विद्यालय सञ्चालनमा रहेको कारण सङ्क्रमण झनै फैलिएको हुन सक्ने उनले बताए। अस्पतालमा अहिले एचडियु, आइसियु र भेन्टिलेटर गरेर ७४ शय्या कोभिड सङ्क्रमितहरूको लागि छुट्याइएको तथा अक्सिजनलगायत उपकरणहरूको व्यवस्थापन भएको बताए। तत्काल यो सङ्ख्यासम्म कोभिड सङ्क्रमितहरूलाई अस्पतालले सेवा दिन सक्ने उनको भनाइ छ।

डा सिंहले एक सातामा परीक्षण भएकामध्ये ६० प्रतिशत सङ्क्रमण पुष्टि भएको जानकारी गराए। बिहीवार ४७ जनाको पिसिआर परीक्षण भएकोमा १३ जना महिला, १८ जना पुरुष गरी ३१ जनामा सङ्क्रमण पुष्टि भएको उनले बताए। सङ्क्रमितमध्ये बारा, रौतहटका दुई/दुईजना र सर्लाहीका एकजना र बाँकी २६ जना पर्सा जिल्लाको भएको उनले बताए।

एक सातामा सङ्क्रमित हुनेहरूमा पर्सा जिल्ला सबैभन्दा बढी भएको उनको भनाइ छ।

## वीरगंजमा मास्क नलगाउनेलाई जरिवाना

प्रस, वीरगंज, ३० पुस/ मास्क नलगाउनेलाई शुक्रवारदेखि वीरगंज महानगरमा जरिवाना गरिँदैछ। आज बिहानदेखि प्रहरीले मास्क नलगाउने जोकोहीलाई रु एक सय जरिवाना तिराएर मास्क दिन थालिएको छ।





मास्क नलगाउनेलाई रु १ सय जरिवाना तिराउँदै। तस्वीरः प्रतीक

बिहान आदर्शनगर क्षेत्रमा १५० जनालाई दण्डित गरिएको थियो। यसैगरी सामुदायिक प्रहरी सेवा, श्रीपुरले मास्क नलगाउनेलाई जरिवाना गरेको छ। विपद् व्यवस्थापन समिति पर्साले यस अघि मास्क नलगाउनेलाई जरिवाना गर्ने निर्णय गरेको थियो। एक सातासम्म सचेतना कार्यक्रम र निश्शुल्क मास्क वितरण गरिएको थियो। सोपश्चात् आजदेखि मास्क नलगाउनेलाई वीरगंजको विभिन्न स्थानमा प्रहरीले जरिवाना गरेको हो।

## पर्सा जिल्लाभरि माघी महोत्सवको तयारी पूरा

प्रस, सेढवा, ३० पुस/ आदिवासी जनजाति थारु समुदायको नयाँ वर्ष माघी (खिचडी पर्व) पर्सामा महोत्सवको रूपमा मनाइँदै छ।



तस्वीरः प्रतीक

वीरगंजबाट शुरू भएको महोत्सव अहिले ग्रामीण भेगमा पनि विशेषरूपमा मनाउन थालिएको छ। सङ्घीयतापछि पर्साको विभिन्न स्थानीय तहमा माघी खिचडी महोत्सव मनाउन थालिएको हो। वीरगंज महानगरको आदर्शनगर स्वीमिङ पूलबाहेक ग्रामीण भेगको पाँच स्थानमा थारु संवत् २६४६ सालको अवसरमा माघी महोत्सवको सम्पूर्ण तयारी भइसकेको छ। पर्साको जीराभवानी गापा-१ पकडीटोला र वडा नं ४ सुपौलीमा माघी खिचडी विशेष कार्यक्रम मनाउने तयारी गरिएको छ। युवा समाज पकडीटोलाको आयोजनामा माघी विशेष कार्यक्रम मनाउन गइरहेका र त्यसको सम्पूर्ण तयारी भइसकेको आयोजक संस्थाका अध्यक्ष सुमित दासले बताए। थारु समुदायको परम्परागत संस्कृति, भाषा, पहिरन तथा खानाको साथै गीत र नृत्य प्रदर्शन गरिने अध्यक्ष दासले बताए। त्यस्तै पर्सागढी नगरपालिकाको बढनियारमा पनि माघी महोत्सवका लागि सम्पूर्ण तयारी भइसकेको माघी मूल समारोह समितिका अध्यक्ष जङ्गबहादुर थारुले बताए। कोभिड सङ्क्रमण बढेको बेला जिल्ला प्रशासन कार्यालय, पर्साले जारी गरेको स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गर्दै महोत्सव सञ्चालन गरिने अध्यक्ष थारुले बताए। उनले महोत्सवको मुख्य प्रवेशद्वारमा स्वयंसेवक परिचालन गरी अनिवार्य मास्क लगाउने, सेनिटाइजर प्रयोग गर्न लगाई प्रवेश गर्न दिने नीति बनाएको र कार्यक्रमस्थलमा सामाजिक दूरी कायम गर्न लगाई २५ जनाको सहभागितामा कार्यक्रम गरिने बताए। एकपटकमा निर्धारित २५ जनाको सङ्ख्या बढ्न नदिने र पुनः स्वास्थ्य सुरक्षा मापदण्ड पालना गराई २५ जनाको सहभागिता गराइने उनले बताए।

यसैगरी जीराभवानी गापाको आयोजनामा हुन लागेको सुपौलीमा माघी महोत्सवको लागि तयारी भइसकेको वडाध्यक्ष सुभाषराउत थारुले बताए। महोत्सवमा थारु समुदायको घोंगी, माछा, गंगटो, हाँस, कुखुरा, परेवाका मासुलगायत खानाका परिकारको स्टलहरू राखिने वडाध्यक्ष थारुले बताए।

नयाँ वर्ष २६४६ को अवसरमा थारु समुदायले आज बिहानदेखि घर आँगनको सरसफाइ गरी शुद्धताको लागि गोबरले लिपपोत गर्ने तथा नयाँ वर्षको स्वागतका लागि भुजा, तीलको लड्डु, कसारलगायत परिकार बनाउन व्यस्त छन्।

यसका साथै पटेर्वासुगौली गापा-४ सुगौली र सखुवापरसौनी गापाको पचगावाँमा पनि माघी विशेष कार्यक्रमको

(बाँकी अन्तिम पातामा)

## गरीब, असहायहरूलाई कम्बल वितरण

प्रस, वीरगंज, ३० पुस/ सिप्रदियन सहायता संस्थाको सहयोगमा शुक्रवार आदर्शनगरमा १५० जनालाई कम्बल वितरण गरिएको छ। सामुदायिक प्रहरी साझेदार कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको पहलमा दैनिक ज्याला मजदूरी गर्ने रिक्शा, ठेलाचालकलगायत मानिसलाई १५० थान कम्बल वितरण गरिएको ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए।



तस्वीरः प्रतीक

प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल, प्रनि पुरुषोत्तम कार्की, सुमन कार्की, नितेश सिंह, सामुदायिक सेवा केन्द्र छपकैयाका ग्यासुद्दिन मियाँ ठकुराईलगायतले दैनिक मजदूरी गर्नेहरूलाई कम्बल वितरण गरेका थिए।

कार्यक्रममा सिप्रदियन सहायता संस्थाका सन्दीप गुप्ता, गोपालप्रसाद आचार्य, अबुलेस अन्सारी, आलोक तिवारी, सुदीप रिजाललगायतको सहभागिता थियो। उक्त अवसरमा सय थान मास्क पनि वितरण गरिएको संयोजक गुप्ताले बताए।

## कोरोनाको हल्लाले पकडियाका मुसहरहरू चिन्तित

नरेश यादव, पर्सागढी, ३० पुस/ पर्सागढी नगरपालिका-३ पकडियाका





पर्सागढी नगरपालिका-३ पकडियाका मुसहर परिवार। तस्वीरः प्रतीक

दुई सय घरपरिवार मुसहरहरूमध्ये एकजना मुसहरको मात्र जनता आवास कार्यक्रम अन्तर्गत घर निर्माण भएको छ।

दैनिक ज्याला मजदूरी गरेर जीवनयापन गर्दै आएका मुसहरलाई अहिले चीसोमा खान, बस्नलगायतको समस्या छ। मुख्य माछा मार्ने पेशामा संलग्न मुसहरहरूमध्ये केही दैनिक ज्यालादारी, सुङ्गुर पालन तथा जङ्गलबाट रूख काटेर दाउरा बिक्री गर्छन्। गत कोरोनामा उनीहरूको आर्थिक अवस्था निकै कमजोर भएको थियो। अहिले पनि कोरोना बढेसँगै बेरोजगार हुने र आर्थिक समस्या झेल्नुपर्ने कुराले उनीहरूलाई चिन्तित पारेको छ।

स्थानीय झगरू माझीले कोरोनाको सङ्क्रमण बढेको र लकडाउनको हल्लाले आफूहरूलाई चिन्तित पारेको बताए। माझी अहिले शारीरिकरूपमा अस्वस्थ छन्। अस्वस्थ भएपछि पत्नीको भरमा घर चलिरहेको छ। दुईवटा छोरी, एउटा छोराको पालनपोषण कसरी गर्ने भन्ने समस्याले उनलाई पिरोलेको छ। फूसको घरमा एउटै कोठामा पाँच जना परिवार जाडोमा रात काट्ने गरेका छन्। गर्मीमा भने घरमा बनाइएको मचानमाथि र तल उनीहरूको गुजारा हुन्छ। जनता आवास कार्यक्रम अन्तर्गत यो बस्तीको एकजनाको मात्र घर बनेको उनले बताए। त्यसबाहेक कसैको पनि खोजीनीति नगरिएको माझीले दुःखेसो पोखे। वडा र नगरपालिकाबाट पनि मुसहर बस्तीमा कुनै सहयोग नभएको उनले गुनासो गरे। माझीकै जस्तो बस्तीमा रहेका दुई सय घरपरिवारको समान अवस्था छ।

## वीरगंज-कलैयामा ५५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३० पुस/ सुबिसु इन्टरनेटको वार्षिकोत्सवमा



तस्वीरः प्रतीक

माईस्थान पार्कमा आयोजित रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए। भोलेन्टियर समूह वीरगंजको सहकार्यमा भएको रक्तदान कार्यक्रममा शिखा कर्ण, स्नेहा द्विवेदी, सुमीत खनाल, आशीष गुप्ता, विनयकुमार, दिनेशचन्द्र गुप्ता, सतीशकुमार साह, कृष्णकुमार सिंह, दिपेन्द्र राम, गजेन्द्र महतो, सोनु कुमार, शनिकुमार, सन्दीप पटेल, मुन्नीलाल साहलगायतले रक्तदान गरेका थिए।

रक्तदान कार्यक्रमको उद्घाटन नगरप्रमुख विजयकुमार सरावगीले गरेका र रक्तदाताहरूलाई उनले प्रमाणपत्र वितरण गरेका थिए। कार्यक्रममा भोलेन्टियर समूह वीरगंजका राजन श्रीवास्तव, किसन सरार्फ, बिक्की सरार्फले सहयोग गरेका थिए।

यसैगरी, सुबिसुको वार्षिकोत्सवमा कलैया, भरतचोकमा आयोजित रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

## विचारसार र सूक्तिहरू

**ईर्ष्या, लोभ, क्रोध र अप्रिय किंवा, कटुवचनदेखि सदैव अलग बस। धर्मप्राप्तिको यही मार्ग हो।**

**– सन्त तिरुवल्लुवर**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# वन विनाश

**पर्सागढी नगरपालिका अन्तर्गत मधुवन मथौल सब डिभिजन वन कार्यालय र सबैया साझेदारी वन उपभोक्ता समूहको क्षेत्रमा वन अतिक्रमणको खबर आइरहेका छन्। बितेका वर्षहरूमा सो क्षेत्रमा सडक निर्माण गरी राष्ट्रिय वनको जग्गा आबादीतर्फ पारेर सीमा अतिक्रमण गरिएको थियो। उक्त सडकमा वन र स्थानीय उपभोक्ता मिलेर वृक्षा रोपन गरियो। हाल सोही स्थानमा पुनः सडक निर्माण गरी वन क्षेत्र अतिक्रमणमा पारिएको छ। विगतमा अतिक्रमण हटाएर वृक्षारोपण गर्न अगुवाई गर्ने तत्कालीन सब डिभिजन वन कार्यालय मधवन मथौलका प्रमुख फरमान मियाँ अहिले जिल्ला डिभिजन वन कार्यालय पर्साका निमित्त प्रमुख छन्। तर हाल उनले मुखले ठीक पार्दै अतिक्रमण हटाउन चासो नदिएको आरोप छ।**

**पर्सालगायत तराई–मधेस क्षेत्रको वन दशकौंदेखि अतिक्रमणको चपेटमा छ। कुनै बहाना पाउनुपर्छ वन फँडानी शुरु भइहाल्छ। यो परम्परागत रोग हो। राणा शासनविरुद्ध मुलुकमा सङ्घर्ष जारी रहँदा तराई–मधेस क्षेत्रका वन सबैभन्दा बढी फडानी भयो। अहिले पनि राष्ट्रिय वन, निकुञ्ज तथा सामुदायिक वन क्षेत्रभित्र ७० देखि ८० वर्ष पहिले कटान भएका रूखका ठुटाहरू प्रशस्तै पाइन्छ। त्यस बेला जिल्लाका जङ्गल क्षेत्र छिचोल्दै चुरेको फेदसम्म पुगेर सालको रूख फडानी गरी भारत पुऱ्याइएको थियो। तिनताक कैयन दिनसम्म जङ्गलमा वास बसेर रूख ढाल्ने र जङ्गे आरा प्रयोग गरी आवश्यक साइजमा जङ्गलमैं चिरान गरी टायर गाडा प्रयोग गरेर भारत पुऱ्याइने गरेको पाकाहरू बताउँछन्। त्यति बेलाका मजदूरहरूले प्रयोग गरेको माटाको भाँडालगायत विभिन्न अवशेष अझै पनि वन क्षेत्रमा पाइन्छ। सात साल पछि २०१७ सालमा पनि यस क्षेत्रको वन–जङ्गल लुटिएको इतिहास छ। त्यसपछि २०३६ सालमा जनमत सङ्ग्रहताका खुलेआम वन तस्करी चल्यो। यो क्रम २०४६ सालमा दोहोरियो। २०५२ सालपछि २०६३ को मधेस आन्दोलनसम्म वन तस्करी र अतिक्रमण चल्यो। सो अवधिमा राष्ट्रिय वन क्षेत्रमा धेरैवटा नयाँ बस्तीहरू अवैध तरीकाले जन्मिए। यसरी स्थापना भएकामध्ये कैयन बस्ती आज पनि शानले खडा छन्। त्यस बेला काठ तस्करहरूको यतिसम्म मनोबल बढ्यो कि गण्डक सिंचाइ नहरको डिल थामेर बसेका सिसौका रूखहरूको समेत अस्तित्व नामेट भयो। यसैगरी आवधिक चुनावताका पनि वनका दुश्मनहरूले मौका छोप्ने गरेका छन्। राजनीतिक उथलपुथलको बेला मात्रै होइन, कोरोनाका कारण बितेका वर्षहरूमा भएको लकडाउनमा समेत वन तस्करी मौलायो।**

**राणाकालदेखि वर्तमानसम्म आइपुग्दा वन बेवारिसे कहिल्यै पनि थिएन। तस्करहरू अधिकार प्राप्त व्यक्तिकै सहमतिमा सक्रिय हुने हो। अधिकार प्राप्त व्यक्ति तथा ओहदामा रहेकालाई भने कुनै न कुनै बहाना चाहिन्छ। त्यस क्रममा वन संरक्षणमा चासो दिने अधिकारीहरू पनि धेरै आए। पहिलो कुरा त इमानदार वन संरक्षकहरू यहाँ टिक्नै सकेनन्, जेनतेन केही समय टिकेकाहरू पनि तस्करको तलदेखि माथिसम्म फैलिएको सञ्जालले जालमा पारेर लोभीपापी बनाइए। वन, वातावरण तथा पर्यावरण सन्तुलन हाम्रै लागि हो। यसर्थ अधिकारप्राप्त निकायबाट नागरिकले धेरै अपेक्षा गर्नुभन्दा आफै संरक्षणमा जुट्नु बुद्धिमानी ठहर्छ। जनताको सम्पत्ति हो, सरकारले संरक्षण गर्दैन भने जनता जुर्मुराउनुपर्छ, किनकि वन विनाशको पहिलो शिकार हुने नै जनता हो।**

# सङ्घीयता: सकिन्छ र थेगन ?

दर्शन विचार



**राजेन्द्रप्रसाद कोइराला**


(A PhD Scholar)
Koiralarp46@gmail.com


**चेतनशील नागरिक र दलभित्रका इमानदार र निष्ठावान् नेताहरूमा भर पर्ने कुरा हो कि हामीले सङ्घीयतालाई बोकेरै हिंड्ने हो वा प्रदेशलाई खारेज गरेर, स्थानीय तहलाई दरिलो बनाएर देशलाई डरलाग्दो भुमरीबाट जोगाउने हो !**

२०७२ असोज ५ (सेप्टेम्बर २०, २०१५) मा नेपालको संविधान जारी भएपछि नेपाललाई 'सङ्घीय गणतन्त्र' घोषणा गरिएको छ। प्रस्तावनामा भनिएको छ–'हामी नेपाली जनता, हामीमा निहित सार्वभौमसत्ताको प्रयोग गर्दै, जनताको सार्वभौम अधिकारलाई अँगाल्दै ...यसद्वारा संविधानसभामार्फत यो संविधान जारी गरौं'।

दशक लामो गृहयुद्धपछि सन् २००६ मा नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको बृहत् शान्ति सम्झौताले नेपाललाई लोकतन्त्र र संविधान निर्माणको नयाँ बाटोमा डोऱ्यायो र त्यसपछि सन् २००८ मा राजतन्त्र अन्त्य भयो। चर्को मधेसी र जनजातिहरूको विरोधका बावजूद सन् २०१५ मा संसदीय– सङ्घीय संविधान र न्यायिक समीक्षाको अधिकारसहितको सङ्घीय लोकतान्त्रिक राज्यप्रणाली हुनेछ, जसले देशमा भएका सबै खाले मौलिक हकको प्रत्याभूति गर्दै, विभेदरहित समाज बनाउने परिकल्पनासहित...भनी घोषणा गरियो। जसलाई मधेसी र जनजाति हरूले अहिलेसम्म पूर्णरूपमा स्वीकार गरेका छैनन्।

केपी नेतृत्वको झन्डै दुईतिहाई सरकारले दुईपटक संसद् विघटन गऱ्यो। ओलीले देशलाई फेरि अर्को राजनीतिक दलदलमा पुऱ्याउन थाले भनेर निकै कोकोहोलो मच्चाइयो। यद्यपि सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गरी शेरबहादुरलाई परमादेशबाट प्रधानमन्त्री बनाइदियो। अक्षमको डाम लागेका, प्रजातन्त्रलाई राजाको पाउमा टक्र्याएका देउवाले कुनै चमत्कार गर्न सक्छन् भन्ने आशा छैन। अध्यादेश लिएर दलहरू टुक्र्याएर उही माटोको चिल्लो खेल खेल्न थालेका छन्। करीब दुई महीना बितिसक्दा पनि नयाँ मन्त्रिपरिषद् गठन हुन सकेको थिएन। शक्ति, सत्ता, मनि, मसल र मुसुण्डेहरूको जोडबलले उनी पुनः दलको शक्तिशाली सभापति त बने तर आम जनतालाई उनीप्रति रत्तिभर विश्वास छैन।

भ्रष्टाचार र घुसखोरी मौलाएको छ। महान्यायाधिवक्ताको केही महीना अघिको प्रतिवेदन अनुसार जनप्रतिनिधिको अनावश्यक खर्चले सीमा नाघेको छ। नेपालमा नीतिगत भ्रष्टाचार अर्को ठूलो समस्या हो। ट्रान्सपरेन्सी नेपालको प्रतिवेदन अनुसार नेपाल विश्वको सबैभन्दा भ्रष्ट मुलुकको सूचीमा परेको छ। यस्ता आरोपबाट न्यायपालिका पनि अछूतो छैन। विद्यमान राजनीति र राजनीतिक नेताबाट जनता दिक्क भइसकेको छ। यसबाहेक सङ्घीयता यति महँगो भइसकेको छ कि हामी यसलाई निरन्तरता दिन सक्छौं कि सक्दैनौं भन्ने ठूलो प्रश्न बनेको छ। विश्व बैंकले आफ्नो धारणा सर्वजनिक गर्दै नेपालको सङ्घीयता ज्यादै महँगो भयो भनिसकेको छ।

नेपालको संविधान २०७२ जारी नहुँदासम्म संविधान बन्ने वा नबन्ने अन्योल र अराजकताको वातावरण थियो। सरकारको अन्तरिम कालदेखि नै सरकार र तत्कालीन माओवादीबीच भएको बृहत् शान्ति सम्झौतापछि झन्डै १५ वर्षदेखि हामीले गणतन्त्रको उपयोग गरिरहेका छौं। सन् २००८ देखि सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा भएदेखि हालसम्म १३ वटा सरकार बनेका छन्।

नेपाली राजनीतिमा हुने संरचनात्मक परिवर्तनप्रति जनताले ठूलो अपेक्षा राखेको थियो। यो एक ध्रुवीय तथ्य हो कि मानिसले सधैं परिवर्तनको आशा गर्छ। तर अहिलेसम्म त्यस्तो केही भएको छैन। हाम्रो देशमा १०५ वटा जात र सम्प्रदाय छ र कुनै पनि जातिको बहुमत छैन भन्ने तथ्य हो। महिला, मधेसी, थारू, जनजातिलगायत सीमान्तकृत, विपन्न समुदायका अधिकारलाई सम्बोधन गर्न सङ्घीयता आवश्यक भएको महसूस भयो।

जनताका चाहना र आकाङ्क्षालाई राजनीतिक नेताहरूले नराम्ररी ओझेलमा पारेका छन्। उनीहरू नामले राजनीतिक नेता भए पनि सारमा राजनीतिक व्यापारी बनेका छन्। राजतन्त्रको आवश्यकता दलकै नेताहरूद्वारा अनुभूति गरिएको छ। सङ्घीयताविरुद्ध आवाज घनीभूत हुन थालेको छ। राजनीतिक दलहरूले आफ्ना कमजोरी र गलतीहरू आत्मसा गर्न सकेनन् र गलत–सञ्चालित राजनीतिक मार्ग सच्याउने प्रयास गर्न सकेनन् भने राष्ट्रको राजनीतिक दायरा अराजकताबाट गुज्रनेछ र अन्ततः अभूतपूर्व अवस्था आइलाग्नेछ।

सङ्घीय राज्यलाई संस्थागत गर्न लामो समय लाग्छ। यो रातारात हुने होइन। शक्ति, साधनस्रोत र समावेशी बाँडफाँड, समान र समतामूलक समाज निर्माण गर्नु चियाको कप तयार गर्नुजस्तो होइन। २४० वर्ष लामो मानसिकताविरुद्ध कट्टरपन्थी गठन र सुधारका लागि समय सीमा चाहिन्छ। दीर्घकालीन सङ्घीय लोकतान्त्रिक राष्ट्रहरूको इतिहास हेर्दा सङ्घीयता सुदृढ गर्न हिंसात्मक, रक्तपात, क्रूर, भयङ्कर परिस्थितिहरू पाउँछौं। दूरदर्शी नेतृत्वको ठूलो र अतुलनीय भूमिका हुन्छ सङ्घीयतालाई संस्थागत गर्न।

### सङ्घीयता: ऐतिहासिक झलक

सङ्घीयताको प्रकृति संसारको सर्वश्रेष्ठता प्राप्त गर्न डिजाइन गरिएको सरकारको रूप हो : एकीकृत राज्यका फाइदाहरू र जनता र राज्य बन्ने क्षेत्रहरूमा निहित विविधताका फाइदाहरू (जोहन्सोन, १९९८)। इलियट बुल्मरले सङ्घीयतालाई परिभाषित गरेका छन्– "यो एक संवैधानिक व्यवस्था हो जुन सरकारका विभिन्न एकाइहरूबीच शक्ति बाँडफाँड गर्ने उपकरणको रूपमा प्रयोग गरिन्छ जसबाट सङ्घीय एकाइहरूले निश्चित नीति क्षेत्रहरूमा पर्याप्त, संवैधानिक, ग्यारेन्टी स्वायत्तताको आनन्द लिन सकून् र अन्यमा सहमत नियमहरू अनुसार शक्ति विभिन्न क्षेत्रहरूमा बाँडफाँड गर्न सकून्।" तसर्थ सङ्घीयतामा आंशिक स्वशासन र आंशिक साझा सरकार समावेश हुन्छ।

सङ्घीयता पहिलोपटक उत्तर अमेरिकामा अग्रगामी राष्ट्रको रूपमा प्रस्तुत गरिएको थियो– सङ्घीय र संसदीय–सङ्घीय रूपहरू क्रमशः संयुक्त राज्य अमेरिका र क्यानडामा (नीरज कुमार, २०१९)। विश्वमा १९३ राष्ट्र मध्ये २५ सङ्घीय देश मात्र छन्। क्षेत्रफलका आधारमा विश्वका आठ ठूला देशहरूमध्ये सातवटा मुलुकमा सङ्घीय प्रणाली छ – अमेरिका, क्यानडा, रूस, भारत, ब्रजील, अस्ट्रेलिया र अर्जेन्टिना। विश्वको तेस्रो ठूलो राष्ट्र चीन एकात्मक राज्य हो। युरोपेली देशहरूमा शासन प्रणालीलाई चार समूहमा विभाजन गर्न सकिन्छ। १. संवैधानिक राजतन्त्रः बेल्जियम, डेनमार्क, स्पेन, नेदरल्यान्ड्स, स्वीडेन, लक्जमबर्ग र युनाइटेड किंगडम। २. सङ्घीय गणतन्त्रः जर्मनी र अस्ट्रिया ३. एकात्मक सङ्ठित राज्य – फ्रान्स। यसले संवैधानिक गणतन्त्रसहित अर्ध–राष्ट्रपति प्रणाली अँगालेको छ।

सङ्घीयता प्रायः सांस्कृतिक विविधता वा क्षेत्रीयरूपमा ठूला देशहरूसँग सम्बन्धित छ। ४. पहिचान सङ्घीयता र सक्षमता सङ्घीयता। सङ्घीय राष्ट्रका केही उत्कृष्ट उदाहरणहरू हुन् – अर्जेन्टिना, ब्रजील, क्यानडा, जर्मनी, भारत, मलेशिया, नाइजेरिया, पाकिस्तान, दक्षिण अफ्रिका र संयुक्त राज्य अमेरिका। यद्यपि सङ्घीयताले केही देशहरूमा शासन व्यवस्थालाई व्यवस्थित गर्न वा सुधार गर्न सकारात्मक भूमिका खेलेको छ, यसले विद्यमान भिन्नतालाई सुल्झाउन पनि सक्छ र यदि त्यसलाई व्यवस्थित गर्न सकिएन भने अन्ततः राष्ट्र लाई अनन्तकालको अथाह अन्तर–युद्धतर्फ अग्रसर गराउन सक्दछ।

पहिचानको कारक अस्तित्वमा आएदेखि सङ्घीयता पनि सरकारको एउटा जटिल, प्रायः कानूनी रूप हो, जुन महँगो हुन सक्छ र यसले सहज र सुसङ्गत विकास र नीतिहरूको प्रयोगलाई अवरूद्ध गर्न सक्छ। ४८ सार्वभौम राज्यहरूमध्ये पाँचले मात्र एशियाली महाद्वीपमा कुनै न कुनै प्रकारको सङ्घीय वा अर्ध–सङ्घीय सरकार अँगालेका छन्। अफ्रिकामा यो अझ अस्वीकृत छ। ५४ अफ्रिकी राष्ट्रहरूमध्ये केवल पाँचलाई कुनै न कुनै प्रकारको सङ्घीय वा हाइब्रिड सङ्घीय संरचनाको रूपमा गणना गर्न सकिन्छ।

विश्वको सबैभन्दा ठूलो महादेश एशियामा सङ्घीयतालाई खासै स्वीकार गरिएको छैन। सङ्घीयता अँगालेका दक्षिण एशियाली राष्ट्रहरू हुन्– भारत (१९५०), पाकिस्तान (१९५६, १९६२, १९७३), म्यान्मा, पहिले बर्मा (१९४७, १९७४, २००८), मलेशिया (१९५६), इराक (२००५) र नेपाल (२०१५)।

यी सबै राष्ट्रमध्ये कुनै पनि राष्ट्रले सङ्घीयताको सही उपयोग गर्न सकेको छैन। भारतको उदाहरण लिने हो भने सङ्घीयता टिकाउन भारतले रक्तरञ्जित अवस्थाबाट गुज्रिनुपरेको इतिहास साक्षी छ। भारतले यसको लागि ठूलो मूल्य चुकाइसकेको छ र अझै पनि त्यसका अवशेषहरू कहिलेकाहीं फाट्टफुट्ट आम संचारमा सम्प्रेषण भइ नै रहेको छ।

पाकिस्तानको कुरा गर्ने हो भने सङ्घीयतालाई सन्तुलनमा राख्न सकेको छैन। केन्द्रीय सरकार र सङ्घीय एजेन्सीहरूको भूमिकाले संवैधानिक सरकार र सैन्य शासन दुवै अन्तर्गत एकाइहरूको मामिलामा प्रभुत्व जमाएको छ। पूर्व र पश्चिम पाकिस्तानबीचको विवादमा केन्द्र र प्रदेशबीच शक्ति बाँडफाँड सधैं प्रमुख मुद्दा बनेको छ। म्यान्मामा संवैधानिक सरकार र सेनाको हस्तक्षेप सधैं झगडाको कारण भएको छ। मलेशियाले पनि सङ्घीयतालाई संस्थागत गर्न ठूलो विगत पार गरेको छ, तर महाथिर मोहम्मदको नेतृत्वमा भएको आर्थिक वृद्धि तुलनात्मकरूपमा सन्तोषजनक छ।

म केही कुरा इराकको राख्न चाहन्छु यहाँ। इराकको सङ्घीय सरकारलाई इस्लामिक लोकतान्त्रिक, सङ्घीय संसदीय गणतन्त्र भनिन्छ। सरकारको स्वरूपमा कार्यपालिका, व्यवस्थापिका र न्यायिक बेन्चहरू हुन्छ। २००५ को संविधानले संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूको प्रत्यक्ष हस्तक्षेपको साथ इराकलाई सङ्घीय गणतन्त्र राज्यको रूपमा घोषणा गऱ्यो। अहिलेसम्म शान्ति, सुरक्षा र समृद्धि बनाउन सकेको छैन। संविधान निर्माण प्रक्रियामा कुर्दहरूले शक्ति बाँडफाँडको मजा लिइरहेका छन्। संवैधानिक प्रावधानहरूले बगदाद (कुर्दिश समुदायको आधिपत्य) र क्षेत्रहरूबीच कसरी केन्द्रमा शक्ति बाँडफाँड गर्ने भन्नेबारे अहिलेसम्म टुङ्गो लाग्न सकेको छैन। यसको सङ्घीय विशेषताहरूमा उपराष्ट्रिय एकाइहरू, शक्ति र स्रोतहरूको एक सादा विभाजन, र तटस्थ मध्यस्थका साथ केन्द्रमा एकाइहरूको प्रशंसात्मक सहभागिता छैन।

अल्जेरिया, बहराइन, इजिप्ट, इरान, इराक, इजरायल, कुवेत, लेबनान, लिबिया, मोरक्को, ओमान, प्यालेस्टाइन, सिरियाजस्ता अन्य मध्य–पूर्वी राष्ट्रहरू, जहाँ विदेशी हस्तक्षेपद्वारा आफ्नो सरकारको स्वरूपको आन्तरिक संयन्त्रमा प्रभुत्व जमाउँछन्। ट्युनिशिया, यमनमा कहिल्यै पनि सङ्घीयता सफलतापूर्वक प्रयोग भएको छैन। यी अधिकांश राष्ट्रहरू राजनीतिक अस्थिरताबाट गुज्रने नियतिमा छन्। हामीले ९० को दशकदेखि शक्तिशाली राष्ट्रहरूको युद्धक्षेत्र अमेरिका र तत्कालीन सोभियत सङ्घ र हालै तालिबानले सत्ता हातमा लिएपछि चीनको सम्भावित प्रवेशलाई ९० को दशकदेखि नै नजीकबाट नियालिरहेका छौं। सोभियत सङ्घको पतनपछि पूर्वी युरोपमा युगोस्लाभियाजस्ता धेरै सङ्घीय राज्यहरू पनि ९० को दशकपछि विखण्डित भए।

सबै कुरालाई ध्यानमा राख्दा नेपालले सङ्घीयता धारण गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न उठ्छ। सङ्घीयता र धर्मनिरपेक्ष राज्यको घोषणापछि हाम्रो देशमा विदेशी हस्तक्षेप उल्लेख्य बढेको महसूस भएको छ। ढिलो होस् वा चाँडो अफगानिस्तान, इराक र सिरियाले जस्तै नियतिको सामना गर्नुपर्ने हो कि भनेर विवेकशील नागरिक डराउने अवस्था सिर्जना भएको छ। एमसिसीको मुद्दामा वर्तमान सरकारले लिने निर्णयले देश पश्चिमाहरूको क्रीडास्थल हुने हो या देश सार्वभौम मुलुक रहिरहने हो आउँदो दिनले स्पष्ट पार्नेछ। चेतनशील नागरिक र दलभित्रका इमानदार र निष्ठावान् नेताहरूमा भर पर्ने कुरा हो कि हामीले सङ्घीयतालाई बोकेरै हिंड्ने हो वा प्रदेशलाई खारेज गरेर, स्थानीय तहलाई दरिलो बनाएर देशलाई डरलाग्दो भुमरीबाट जोगाउने हो !

### पार्ट टु पनि रोचक लाग्यो

२८ गते प्रतीकमा विनोद गुप्ताको लेख 'हवाई एमसिसी वा वाई एमसिसी २' पढें। पार्ट १ मा लेखकले एमसिसीको खुलेर समर्थन गरेको थिएनन्। तर यस पार्टमा एमसिसीको खुलेर समर्थन मात्र होइन, अपितु भीम रावललाई मौन रहने वा चीनसँग त्यस्तै काम गराएर देखाउने चुनौतीसमेत दिएका छन्।

भीम रावलजस्ता नेतालाई भारत र अमेरिकाले कुनै महत्त्व नदिंदा बहुलाउँछन्। तर भारत र अमेरिका व्यक्तिको राम्रो अध्ययन गरेर मात्र आफ्नो विश्वास गर्छन्। ओलीजस्ता व्यक्ति परालको आगोजस्तो बल्ने र निभ्ने हुन्छ। भारत र अमेरिकासँग आगो निभाउने ठूलो फायर ब्रिगेड छ। भीम रावलजस्ता किनारामा जलिरहे पनि कुनै असर नपर्ने हुनाले वास्ता गर्दैनन्। निभाउन आवश्यक नै छैन। कृत्रिम सूर्य बनाइसकेको चीनलाई न विद्युत्को जरूरत छ, न पानीकै। सित्तैमा गरी दिने उसको नीति पनि होइन। बनियाँ–बेपारीमा सित्तै बाँड्ने प्रवृत्ति नै हुँदैन। बनियाँको छाती ५६ इन्चको हुँदै हुँदैन। घर न घाटका एक त के, सय भीम रावलले पनि चीन सित सित्तै केही लिन सक्दैनन्। अतः लेखकको पहिलो सुझाव अथवा चुप रहनु नै भीम रावलको लागि उपयुक्त देखिन्छ। समस्या के भने स्याल खाएपछि नकराई रहन सक्दैन।

डा.शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ २०७८ माघ ०१ गते शनिवार 2022 January 15 Saturday



## माघे सङ्क्रान्तिको सनेस

आजको दिन बालबालिकाको लागि विशेष रमाइलोको दिन मानिन्थ्यो पहिले। अहिले त जमाना धेरै बदलिसकेको छ आउने चलन हराएको छैन। युग जतिसुकै आधुनिक होस्, र हरेक दिन विभिन्न सञ्जाल तथा माध्यमबाट कुराकानी अर्थ राख्दछ। जसको मामाघरबाट सनेस आउँदैन, ती बालबालिकालाई आजको दिन केके नपुगेजस्तो हुन्छ, चाड नै खल्लो

**स्वान्त सुखायः**




सञ्जय मित्र

mitrasanjay41@gmail.com


**मामा वा दाजुभाइ जतिसुकै गरीब किन नहोऊन्, कोही आउँछ र केही ल्याउँछ भन्ने लागिरहन्छ। विशिष्ट प्रतीक्षा रहन्छ। हो, आजको दिनमा सनेसको प्रतीक्षा हुनुलाई पनि सनेस नै मान्नुपर्दछ। आजको सनेसले आफ्नो महत्त्व कायम राखेको छ।**

तर पहिले माघे सङ्क्रान्तिको दिनको प्रतीक्षा दुई किसिमले बालबालिकाले गर्दथे। पहिलो त माघको जाडोमा सबैले नुहाउने दिनमध्ये एक यो पनि हो। अर्को नुहाउने दिन सरस्वती पूजा हुन्थ्यो। यी दुई दिन बालबालिकामा नुहाउनैपर्छ भन्ने सोच रहन्थ्यो।

म त्यो जमानाको कुरा गर्दैछु, जतिखेर चापाकलसमेतको सुविधा थिएन। अहिले त घरघरै पुगेको छ र अब बिस्तारै खानेपानीको धाराले विस्थापित हुन थालेको छ। त्यत्ति बेला नुहाउने भनेको इनारमा गएर हो। इनारको पानी तातो हुन्छ भनिन्थ्यो र नुहाउने बेला जीउमा हालेपछि जीउबाट जुन बाफ निस्कन्थ्यो, त्यही देखेर बालबालिकाले तातोको अनुभूति गर्नुपर्दथ्यो वा तातो हुनुको भ्रममा नुहाउनु पर्दथ्यो।

बालबालिकामा एउटा कुरा धेरै प्रचलित थियो – नुहाउनुभन्दा पहिले जाडो हुन्छ, नुहाएपछि जाडो भाग्छ, र इनारको ताजा पानी तातो हुन्छ। यसको अर्थ यो बुझ्न सकिन्छ कि इनारको पानी तातो हुन्छ भन्नु र नुहाएपछि जाडो भाग्छ भन्नु बालबालिकालाई मनोवैज्ञानिक रूपमा नुहाउन प्रोत्साहन गर्नुथियो। नुहाउनै पर्ने बाध्यतामा बालबालिकालाई किन पारिन्थ्यो भने नुहाएर पूजा गर्नुपर्छ र पूजा गरेपछि देउतालाई चढाएको तिलको लड्डु खान पाइन्छ। ननुहाउनेले तिलको लड्डु खान पाउँदैनथ्यो। मुखमा हालेपछि चुरुमचुरुम गर्ने, गुलियो र भुटेको तिलको गज्जबको सुगन्ध नै आकर्षक हुने, त्यस्तो स्वाद जब मुखमा पर्दैन तब छटपटिएर कस्तो हालत हुन्छ ? यस्तै लोभले बालबालिका नुहाउँथे।

प्रतीक्षाको अर्को कारण हुन्थ्यो – मामाघरको सनेस। आजको दिन मामा आउनुहुन्छ। मामाले अरू केके ल्याउनु हुन्छ, त्यो त थाहा छैन तर सनेस भने अवश्य ल्याउनुहुन्छ। सनेसमा तिलको लड्डुको साथै अन्य धेरै प्रकारको लड्डु ल्याउनुहुन्छ। मामाको अगाडि ननुहाई कसरी जानु ? ननुहाई सफा लुगा कसरी लगाउनु ? आफूलाई सफासुग्घर र राम्रो पनि देखाउनु छ र मामाघरबाट आएको सबैभन्दा ठूलो लड्डु पनि खानु छ। आमाको पहिलै सुझाव आइसकेको हुन्थ्यो – जो पहिले नुहाउँछ, उसैले सबैभन्दा ठूलो लड्डु खान पाउँछ।

अधिकांश बालबालिकाको घरमा यही हुन्थ्यो। अहिले पनि मामाघरबाट सनेस भइरहेको होस् तर आजको दिन मामाघरबाट कोही आउँछ र केही सनेस ल्याउँछ भन्ने सबैलाई परिरहन्छ। यति मात्र होइन, समय अनुसार सनेसको प्रकृति बदलिएको अवश्य छ, तर थोरै भए पनि तिलको लड्डु मामाघरबाट आउने चलन हराइसकेको छैन। आजको दिन बालबालिकाले नुहाउनै पर्ने संस्कृति पनि हराइसकेको छैन। आज पनि मामाघरबाट कोही आउँदैछ भन्ने थाहा पाएर बालसुलभ, तयारी हुने र सफा, राम्रो देखिने र आएको कोसेलीमध्ये सबैभन्दा ठूलो वा सबैभन्दा राम्रो आफूले खान पाउने मानसिकता छँदैछ।

हो, शारीरिक तथा व्यक्तिगत सरसफाइको महत्त्व परम्परादेखि नै रहेको कुरो स्पष्ट छ। बालबालिकाको लागि उत्साह, प्रतीक्षा र उमङ्गको दिन आज पनि रहिआएको छ। यसबाट यो कुरो पनि स्पष्ट छ कि मामासित भान्जाभान्जीको सबैभन्दा प्रेमको दिवस आजै हो। मामालाई भान्जाले सनेससँगै सम्झिने विशेष दिन पनि आजै हो।

आफ्नो घरमा जतिसुकै मीठो खानेकुरा पाकेको होस् तर त्यही खानेकुरा यदि मामाका साथमा बसेर खाइन्छ भने त्यसको स्वाद नै बेग्लै हुन्छ। सन्तुष्टि नै फरक हुन्छ र अझ महत्त्वपूर्ण कुरो गर्व नै बेग्लै हुन्छ।

मामाको प्रतीक्षा भान्जाभान्जीको हृदयमा हुनु स्वाभाविक हो तर दिदीबहिनीले पनि यस दिनको प्रतीक्षा नइहर (माइती) को कोसेलीको रूपमा गरेका हुन्छन्। जतिसुकै दुःख होस् वा जतिसुकै सुख होस्, आजको दिन माइतीबाट कोही आउँछ कि ? आशा नभएको वा सम्भावना नहुँदा पनि माइतीघरबाट कोही आइहाल्ला कि भन्ने आशा दिदीबहिनीको हृदयमा हुनु संस्कार र संस्कृतिको देन हो। हाम्रो परम्पराका वार र महीनामध्ये माघको शुरूआत अर्थात् माघे सङ्क्रान्ति नै यस्तो दिन हो जुन दिन दिदीबहिनीलाई माइतीघरको याद आउँछ। आजको दिन मोबाइल वा फोनमा जब घन्टी बज्दछ, दिदीबहिनीलाई लाग्दछ कि माइतीघरबाट कसैको केही संवाद आएको छ। हरेक दिन कुराकानी किन होस्, तर आजको दिनको संवादमा विशेष स्वाद भरिएको हुन्छ जुन इतिहासदेखि, परम्परादेखि, संस्कृतिदेखि र वास्तवमा अन्तर्हृदयदेखि आइरहेको हुन्छ।

सनेस ठूलो कुरो होइन तर धेरै ठूलो भएको हुन्छ। जसको माइतीघरबाट भेट्न कोही आउँदैन, उसलाई आजको दिन रमाइलो लाग्दैन। त्यसैले यो दिन तिलको लड्डुको साथमा मामाघरबाट आउने सनेसले मिठास र अभ्यन्तरको स्नेह पनि बोकेर ल्याएको हुन्छ। कसैको कैयौं दिनदेखिको प्रतीक्षाको पूर्णाहुति बोकेको हुन्छ र सुमधुर यादको शृङ्खलाको नवीन कडी थप्न पुगेको हुन्छ जुन संस्कृतिले दिएको हुन्छ। अर्थात् एउटा संस्कृतिलाई बोकेर पुगेको हुन्छ।

माघे सङ्क्रान्तिको सनेस तराई मधेसका मुस्लिम समुदायबाहेक बाँकी करीब सबै जातजातिमा रहेको छ। अझ थारू समुदायमा यसको विशिष्ट महत्त्व छ। थारू समुदायको मुख्य पर्वको रूपमा यो स्थापित भएको छ। थारू समुदायमा होलीको दिनभन्दा यसलाई विशाल पर्वको रूपमा लिइन्छ, मनाइन्छ। यसैगरी नेपालका अन्य समुदाय तथा सम्प्रदायले पनि यस पर्वलाई आफ्नै किसिमले मनाइन्छ। पहाडको परम्परा र संस्कृति धेरै भिन्न छ, यस मामिलामा। यद्यपि यो विशिष्टता हो, विशेषता हो। एकै दिन उही पर्वलाई फरकफरक तरीकाले मान्नुलाई हामीले अन्यथा लिनुहुँदैन। यसबाट हामीबीच विविधतामा एकता छ भन्ने सन्देश पनि ग्रहण गर्नु स्वाभाविक हुन्छ। हाम्रो प्रकृति र संस्कृतिले यसलाई स्वीकार गरेको छ। हामी संस्कृतिमा यस अर्थमा पनि धनी छौं।

तराई–मधेसमा सङ्क्रान्तिको दिन मनाइने तीन पर्व छन्। वैशाखमा सतुआन, असोजमा विश्वकर्मा पूजा र माघमा तिलासक्रात। पहिलो त करीब लोप भइसकेको छ, दोस्रोलाई उद्योगीहरूको पर्वको रूपमा मनाइन्छ भने तेस्रो अर्थात् आजको दिनलाई सम्पूर्ण सर्वसाधारणले मनाउने गर्छन्।

सबै कुरा आफ्नो ठाउँमा छँदैछ। अहिले युग जतिसुकै आधुनिक भए पनि र परम्परामा अधुनातन आइसके पनि हामीले आजको दिनको संस्कृति बिर्सिसकेका छैनौं। आज पनि भान्जा–भान्जीहरू मामाको र दिदीबहिनीहरू दाजुभाइको प्रतीक्षा उत्तिकै श्रद्धाका साथ गर्दछन्। मामा वा दाजुभाइ जतिसुकै गरीब किन नहोऊन्, कोही आउँछ र केही ल्याउँछ भन्ने लागिरहन्छ। विशिष्ट प्रतीक्षा रहन्छ। हो, आजको दिनमा सनेसको प्रतीक्षा हुनुलाई पनि सनेस नै मान्नुपर्दछ। आजको सनेसले आफ्नो महत्त्व कायम राखेको छ।

## कुसंस्कार

इजिप्टका राजाले आफ्नो राजकुमार फारूखलाई शिक्षित र व्यवहारकुशल बनाउन सबै व्यवस्था गरे तर राजकुमार उद्दण्ड र अहङ्कारी थिए र कसैको परवाह नगरी सबैसँग उन्मादी व्यवहार गर्दथे। जसले पनि उनलाई सल्लाह दिन्थे त्यसको ज्यान लिन आतुर हुन्थे। सबै उनीसँग घोर असन्तुष्ट थिए। बीस वर्षको आयुमा उनी राजसिंहासनमा बसे। आफ्नो नराम्रो बानी र मूर्खताको कारण केही दिनमा उसले राजकोष रित्तो बनाए र प्रजामा अराजकताजस्तो स्थिति उत्पन्न गरे।

छिमेकी देशका राजाले आक्रमणको घात लगाउन थाले। त्यसपछि प्रजाहरूले विद्रोह गरेर उनलाई जेलमा कैद गरे। जबसम्म राजा बाँचे बन्दीगृहमैं कुहिएर बसे। जो उनको सेवामा नियुक्त थिए, उनीहरूसँग पनि उनी सोझो मुखले कुरा गर्दैनथिए र गाली गर्ने गर्दथे। सौभाग्यले उनलाई सुयोग प्रदान गर्न कुनै कमी गरेको थिएन तर आफ्नो मूर्खताले उनले यस्तो स्थिति बनाएका थिए।

सौभाग्यवश वैभवको स्थिति प्राप्त भएर पनि व्यक्ति आफ्नै कुसंस्कारबाट आफ्नो चिहान आफैं खन्ने गर्छ।

## भ्रमणयोग्य गन्तव्य : सुवर्णपुरको होम-स्टे र प्रकृतिमय ठोरी

पर्सा जिल्लाको ठोरी गाउँपालिका–५ सुवर्णपुरमा विसं २०७२ देखि 'सुनाखरी मध्यवर्ती होम–स्टे' सेवा सञ्चालनमा छ। यहाँ हात्ती सफारी र लोकनृत्यको मनोरञ्जनसहित होम–स्टे सेवा उपलब्ध छ। अङ्ग्रेजी शब्द 'होम–स्टे'लाई लोकभाषामा 'घर–वास' भनिन्छ। चाँडबाड, बिदा, नयाँ वर्ष वा आफू अनुकूल समयमा सुवर्णपुर पुगेर होम–स्टेको सत्कार प्राप्त गर्न सकिन्छ। खाने–बस्ने शुल्कसहित घरायसी वातावरणमा वास बस्ने गन्तव्य नै आज होम–स्टेको नामले प्रसिद्ध छ। वर्तमान परिप्रेक्ष्यमा पर्यटक लक्षित क्षेत्रमा 'होमस्टे' व्यवसाय प्रति आम आकर्षण बढ्दो छ। सुनाखरी

**सरोकार**




राजेश मिश्र

rajesh560107@gmail.com


**खोलामा पानीको दिशामा माछा बगेर आउने सम्भावनालाई मध्यनजर गरी मलाहा खोकी (ढडिया) थापेर बस्छ, सुरक्षाकर्मीहरूको मनोविज्ञान पनि ढडिया थाप्ने खालको थियो। नियत सफा थियो भने बिहानदेखि नै सुरक्षाकर्मीहरूको संवेदनशील सक्रियता किन थिएन ?**



नयाँ वर्षको पूर्वसन्ध्यामा हामी





गणेशमान पार्क। तस्वीरः लेखक

मध्यवर्ती होम–स्टे सुवर्णपुरको छातामुनि विभिन्न व्यक्तिका १५ वटा घर आबद्ध छन्। अटैच बाथरूमसहित दुईटा आरामदायक बेड, टेबल, हेङ्गरलगायत सुविधाले सम्पन्न कोठाहरू छन्।

तुलानात्मकरूपमा महँगो होटलको दर भन्दा होमस्टे सस्तो मात्र पर्दैन, अपितु अकल्पनीय सेवाभाव पनि पाइन्छ। आगन्तुकप्रति समर्पित सेवाभाव केवल होम–स्टेमा अनुभूत गर्न सकिन्छ। पारिवारिक वातावरणमा बसाइसँगै पारम्परिक व्यञ्जन तथा लोकसंस्कृति आदिको भरपूर आनन्द होम–स्टे सेवा अन्तर्गतका विशेष आकर्षण हुन्। आज मात्र होइन, मानव जीवनको प्रारम्भकाल देखि नै गाउँलाई शान्तिको प्रतीक मानिन्छ। पैसाका लागि गाउँबाट पलायन हुने जनघनत्व अन्ततोगत्वा स्वच्छ हावा र शान्तिका साथ गाउँमैं फर्किंदो रहेछ। त्यसैले व्यस्त जीवनशैलीमा लिप्त मानिसहरूका लागि सुवर्णपुर होम–स्टेको बसाइ नितान्त सुखानुभुति प्रदान गर्ने खालको लाग्छ।

**यात्रा यसरी पक्का भयो**

ठोरी गापा–५ सुवर्णपुरमा 'होम–स्टे' सेवा सञ्चालनमा रहेको कुरा जानकारीमा थियो। यद्यपि भ्रमणको अवसर पाइरहेको थिएन। एक दिनको कुरा हो, प्रतीक दैनिकको कार्यालयमा म, समाचार सम्पादक आरके पटेल र संवाददाता राधेश्याम पटेलबीच विविध विषयमा गपशप भइरहेको थियो। यसैबीच नयाँ वर्ष २०२२ को प्रसङ्गले ठाउँ पायो। 'फर्स्ट जनवरी'को अवसरमा कहाँ जाने भन्ने कुरामा हाम्रो आआफ्नै धारणा थियो। त्यतिकैमा सम्पादक प्रताप (श्रेष्ठ) दाइको आगमन भयो। हामी चारजनाबीच गहन विमर्श भइरहेकै बेला सम्पादक शत्रुघ्न (नेपाल) दाइको पदार्पण भयो। अनेक इच्छा र आकाङ्क्षासहित हाम्रो आआफ्नै तर्क थियो। अन्ततः हाम्रो खुल्दुली सम्पादक विकास (शर्मा) दाइको कानसम्म पुग्यो। र विकास दाइको शर्तपूर्ण समर्थनले हाम्रो अकल्पित अपेक्षा उत्कर्षपूर्ण हर्षमा परिणत भयो।

विकास दाइको तर्कपूर्ण शर्त हामी सबैलाई शत–प्रतिशत सान्दर्भिक लाग्यो। आखिर उनको शर्त के थियो ? किन सान्दर्भिक थियो ? यहाँ उल्लेख नगरी हुन्न। उनको तर्क थियो– अहिले नयाँ स्वरूपमा कोरोनाको तेस्रो चरण उदीयमान छ। त्यसैले दूरदराज जानुभन्दा पनि हाम्रो नयाँ वर्षको गन्तव्य वीरगंज आसपास नै केन्द्रित हुनुपर्छ। छनोटमा पर्यटनको सम्भावना बोकेको स्थानीय ठाउँ पर्नुपर्छ। नयाँ वर्षको उत्सवसँगै सञ्चारकर्मीको नाताले पर्यटनका सम्भावित क्षेत्रको भ्रमण र अवलोकन समय सापेक्ष हुनेछ। स्थानीय पर्यटन प्रवर्द्धनलाई आफ्नो क्षमताले भ्याएसम्म प्रोत्साहित गर्नुपर्छ। पैसा अन्यत्र खर्च गर्नुभन्दा आफ्नै क्षेत्रमा खर्च गर्नुले थोरै भए पनि स्थानीय कारोबार उत्साहित हुनेछ।

हामीबीच गन्थन–मन्थन भइरहेकै बेला प्रताप दाइले सुवर्णपुर जाने कुरा सुझाए। होमस्टेको बसाइसँगै स्थानीय पर्यटन प्रवर्द्धनको दृष्टिकोणले भ्रमण र अवलोकन सार्थक हुने उनको जिकिर थियो। उनको जिकिर सान्दर्भिक मात्रै होइन, सम्पादक विकास दाइको शर्त पनि पूरा हुने प्रकृतिको थियो। ठाउँ पनि नजीक भएकोले भ्याएसम्म प्रेसको काम सकेर जान मिल्ने भएकोले ठोरीतर्फको यात्रा उपयुक्त थियो। नयाँ वर्ष २०२२ को अवसरमा हामीबीच सुवर्णपुरको होम–स्टेमा बस्ने र भोलिपल्ट ठोरी जाने कुरा पक्का भयो। आएपछि पूर्ण भुक्तानी दिने गरी सेढवा संवाददाता ओमप्रकाश चौधरीमार्फत होम–स्टे बूक गर्ने काम एक हप्ता अगावै सम्पन्न भयो।

**सुवर्णपुरमा एक रात**

नयाँ वर्षको पूर्वसन्ध्या, अर्थात् ३१ डिसेम्बर, शुक्रवारको दिन थियो। करीब तीन बजे हामी सुवर्णपरको लागि प्रस्थान गऱ्यौं। वीरगंजदेखि सुवर्णपुरको दूरी करीब ४० किमि पर्छ। भोलिपल्ट शनिवार एक कार्यक्रममा उपस्थित हुनुपर्ने भएकोले शत्रुघ्न दाइ र प्रताप दाइले स्कुटीको यात्रालाई सुविधाजनक ठाने। उनीहरू दुवैजना हामीभन्दा एक घण्टा अगावै हिंडिसकेका रहेछन्। मलाई याद भएसम्म उक्त दिन पहिलोपटक होला, प्रेसबाट एकसाथ सबैजना बेपत्ता भएका थिए। त्यसकारण उक्त दिन प्रेसको समूल अभिभारा ७१ वर्षीय प्रधान सम्पादक तथा हाम्रा आदरणीय जगदीश (शर्मा) अङ्कलको काँधमा थियो। उमेरले वृद्धको श्रेणीमा दर्ज भए तापनि कार्य सम्पदानप्रति उनी आज पनि युवाको तुलनामा बढी सक्रिय छन्। ढल्किंदो उमेरमा पनि अङ्कलको सक्रियता उदाहरणीय छ।

चिन्ताशून्य मुद्रामा प्रेसबाट निस्केको एक घण्टामा हामी सुवर्णपुरको होमस्टेमा उपस्थित थियौं। कालो चियाको चुस्कीसँगै स्थानीय नेता जरी लामा र शम्भुराम पौडेलसमेत हामीबीच कुराकानी भइरहेको थियो। केही बेरपछि होम–स्टेका प्रतिनिधि पौडेलले हामीलाई होम–स्टे अन्तर्गत सञ्चालित विभिन्न घर तथा कार्यलयको अवलोकन गराए। गोधुलीको समय पोखरिया संवाददाता धर्मेन्द्र चौरसिया र पर्सागढी संवाददाता नरेश यादव पनि आइपुगे। सबै संवादाताहरूलाई उपस्थित हुन भनिएको थियो। यद्यपि कार्य व्यस्तताका कारण केही सहकर्मी उपस्थित हुन सकेनन्।

रातिको खाना भयो। विश्रामको लागि भिन्दाभिन्दै घरमा हामी सबैजना गयौं। डबल बेडको चारवटा कोठामा हामी आठजना आनन्दपूर्वक रात बितायौं। भोलिपल्ट बिहान नित्यकर्मबाट निवृत्त भएपछि चियापान भयो। त्यसपछि शत्रुघ्न दाइ, प्रताप दाइ, राधेश्याम पटेल र धर्मेन्द्र चौरसिया वीरगंज फर्के। विकास दाइ, नरेश यादव र म गाडीमा सवार भएर ठोरीको यात्रा आरम्भ भयो।

**फस्ट जनवरीको दिन ठोरीको दृश्य**

बिहान लगभग एघार बजे हामी ठोरी पुग्यौं। त्यहाँ गुरुदेव उपाध्याय, ललन द्विवेदी, राजेश अधिकारी तथा सुवास सुवेदीलगायतसँग मित्र–मिलाप भयो। जताततै चिरपरिचित व्यक्ति भेट हुन्थे, जसमध्ये अधिकांशले पहिलोपटक ठोरीमा पाइला टेकेका रहेछन्। यसले ठोरीको मनोरम दृश्यावलोकनप्रति मानिसको आकर्षण बढिरहेको थाहा हुन्छ। पछिल्लो समय ठोरीप्रति आन्तरिक तथा भारतीय पर्यटकहरूको आकर्षण उत्कर्षमा पुगेको छ। किनभने हुलाकी राजमार्ग निर्माण भएपश्चात् ठोरीको यात्रा निकै सहज भएको छ। केही समय अघिसम्म वीरगंजदेखि ठोरीको यात्रा लगभग चार घण्टाको थियो। तर अहिले दुई घण्टामा ठोरी पुग्न सकिन्छ। नयाँ वर्षको दिन हावा र हुस्सुले मौसम अत्यधिक चीसो भए पनि मानिसको घुइँचो कल्पनाभन्दा बढी थियो। गणेशमान पार्क, ठुटे खोला पुल, सेतो पहाड, स्टोन पार्कलगायत स्थान

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–६०

महाभारतबाट सङ्कलन तथा अनुवाद



**उमाशङ्कर द्विवेदी**

आचार्यले पाँचवटा वाण हानेर ती दुवै अस्त्र नष्ट पारिदिए । फेरि उनले धृष्टकेतुको वध गर्नको लागि एउटा तीखो वाण हाने । त्यो वाण उनको कवचलाई च्याती छातीभित्र छिर्‍यो तथा उनी निष्प्राण भएर पृथ्वीमा लडे ।

यस प्रकार चेदिराज मारिएपछि उनका अस्त्रविद्या विशारद पुत्रलाई बडो रोष भयो र उनी पिताको स्थानमा विरोचित आएर डटे तर द्रोणले हाँस्दा–हाँस्दै उनलाइ पनि यमराजको जिम्मा लगाइदिए । अनि जरासन्धका बली पुत्र तानेर हाने । त्यसबाट क्षेत्रधर्माको हृदय फाट्यो र उनी आफ्नो रथबाट निष्प्राण भएर भुइँमा ढले । यस प्रकार ती धृष्टद्युम्नकुमार मारिएपछि सबै सेना



उनी सामु आए । उनले रणाङ्गणमा आफ्नो वाणको झरी लगाएर आचार्य द्रोणलाइ अदृश्य नै पारिदिए । उनको यस्तो फुर्ती हेरेर आचार्य पनि वाणवर्षा गर्न थाले । यस प्रकार ती महारथिलाई वाणबाट आच्छादित गरेर उनले समस्त धनुर्धरहरूका सामु नै उनको वध गरिदिए ।

अब पाञ्चाल, चेदि, सृञ्जय, काशी र कौशल–यी सबै देशका महारथि बडो उत्साहका साथ युद्ध गर्नका लागि द्रोणमाथि जाइ लागे । उनीहरूले आचार्यलाई यमराजको घर पठाउनको लागि आफ्नो सम्पूर्ण शक्ति लगाइदिए तर आचार्यले आफ्नो तीखा वाणबाट उनीहरूलाई नै यमलोक वास गर्न पठाइदिए । द्रोणको यस्तो कर्म हेरेर महाबली क्षेत्रधर्मा उनको सामु आएर एउटा अर्धचन्द्रकार वाणबाट उनको धनुष काटिदिए । अनि आचार्यले एउटा अर्को धनुषमाथि वाण सन्धान गरेर कानसम्म काम्न थाल्यो । अनि आचार्यमाथि चेकितानले आक्रमण गरे । उनले दशवटा वाण हानेर आचार्यलाई घाइते पारी उनको छातीमाथि पनि चारवटा वाण हाने तथा चारवटै वाणबाट उनको सारथि र घोडाहरूलाई मारिदिए । अनि आचार्यले तीनवटा वाणबाट उनको छाती र भुजामा प्रहार गरे । सातवटा वाण हानेर उनको रथको ध्वजा काटिदिए तथा तीनवटा वाण हानेर सारथिलाई पनि मारिदिए । सारथि मारिएपछि घोडाहरूले रथलाई लिएर यत्र–तत्र कुद्न थाले । यस प्रकार चेकितानको रथ सारथिहीन भएको हेरेर द्रोणले त्यहाँ एकत्रित भएका चेदि, पाञ्चाल र सृञ्जय वीरहरूलाई चारैतिर लखेट्न थाले ।

सञ्जयले भने–राजन्, आचार्यले पाण्डवहरूको व्यूहलाई यस प्रकारले नष्ट पार्न थालेपछि पाञ्चाल, सोमक र पाण्डव वीरहरू त्यहाबाट टाढा भागे । अब धर्मराज युधिष्ठिरले आफ्नो कोही पनि सहायक देखेनन् । उनले अर्जुनलाई हेर्नको लागि चारैतिर दृष्टि पुर्‍याए तर उनलाइ न अर्जुन देखा परे न सात्यकि नै देखा परे । यस प्रकार उनको दृष्टिले जति चहार्दा पनि अर्जुन न भेटेपछि उनको इन्द्रिय अत्यन्त व्याकुल हुन पुग्यो । उनी एकदमै शोकमा डुबे र भीमसेनलाई डाकेर भने–भाइ भीम, जो रथमाथि चढेर एक्लै देउता, गन्धर्व र असुरलाई परास्त गरिदिएका थिए आज तिम्रा ती भाइ कतै पनि देखा परिरहेको छैनन् । धर्मराजलाई यस प्रकार आत्तिएको देखेर भीमसेनले भने–राजन्, तपाईंको यस्तो अत्याहट त मैले कहिले पनि देखेको थिइनँ । पहिले जब हामीहरू दुःखबाट अधीर हुन्थ्यौं त्यति बेला तपाईंले नै हामीलाई ढाढास दिनुहुन्थ्यो । महाराज, यस संसारमा कुनै पनि यस्तो काम छैन जुर्न म गर्न सक्दिनँ । तपाईंले मलाई आज्ञा दिनुहोस् र मनमा कुनै पनि किसिमको फिक्री न लिनुहोस् । अनि धर्मराजले नेत्रमा जल भरेर दीर्घ निःश्वास लिंदै भने–भाइ हेर, श्रीकृष्णाद्वारा रोषपूर्वक बजाइने पाञ्चजन्य शङखको शब्द सुनिंदै छ । यसबाट मलाई लाग्दछ अर्जुन आज मृत्यु शय्यामाथि सुतेका छन् तथा उनी मारिएपछि श्रीकृष्ण स्वयं सङ्ग्राम गर्दैछन् । यही मेरो शोकको कारण हो । अर्जुन र सात्यकिको फिक्रीले मेरो शोकाग्निलाई झन् बढाइरहेको छ । हेर, उनीहरूको कुनै पनि चिह्न देखा परिरहेको छैन । यसबाट यही अनुमान भइरहेको छ कि अर्जुन र सात्यकि दुवै मारिएकाले नै श्रीकृष्ण स्वयं युद्ध गरिरहेका छन् । म तिम्रो दाजु हुँ, यदि तिमीले मेरो कुरा मान्ने हो भने जता अर्जुन र सात्यकि गएका छन्, उतै जाऊ । तिमीले सात्यकिको ध्यान अर्जुन भन्दा पनि अधिक राख्नु किनकि मेरो प्रिय गर्नका लागि उनी दुर्गम र भयङ्कर कौरव सेना नाघेर अर्जुनतर्फ गएका हुन् । यदि तिमीले श्रीकृष्ण, अर्जुन र सात्यकिको भेउ पायौ भने सिंहनाद गरेर मलाई सूचित गर्नु । भीमसेनले भने–महाराज, जुन रथमाथि पहिले ब्रह्मा, महादेव, इन्द्र र वरुणले सवारी गरिसकेका छन्, त्यै रथमाथि चढेर श्रीकृष्ण र अर्जुन गएका छन् । यद्यपि उनीहरूको विषयमा कुनै पनि किसिमको शङ्का छैन तापनि तपाईंको आज्ञा शिरोधार्य गरेर गइरहेको छु । तपाईंले कुनै पनि प्रकारको चिन्ता न गर्नुहोस् । म ती पुरुषसिंहलाई भेटेर तपाईंलाई सूचित गर्नेछु । क्रमशः..।

# एकाङ्कीसंग्रह ‘अनुगमन’ लाई नियाल्दा

समीक्षा

**विवेक वाइबा**

मान्छे सबैलाई समग्र मानव समाजको साङ्गोपाङ्ग जान्नेबुझ्ने चाह हुन्छ । तत् सम्बन्धी ज्ञान र चेतना पनि आफू रहे बसेको समाजबाटै सिकेको हुन्छ । समाजमा घट्ने विभिन्न घटनाक्रमले मान्छे जो कोहीलाई सचेत बनाउँछ । र समाजका हरेक गतिविधि, चालचलन एवं सांस्कृतिक क्रियाकलाप पनि नियालेकै हुन्छ । तिनै अनुभूतिबाट मान्छेले धारणा बनाउने हो । यही क्रममा समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन, एक अर्कालाई होच्याउने, दोषारोपण गर्ने खालको व्यवहार, राजनीतिका नाममा भएका विकृति, विसङ्गतिले गाँजिएको समाजबारे समीर पाख्रिनले विचार अभिव्यक्तिको रूपमा ‘अनुगमन’ नामक एकाङ्की सङ्ग्रह २०७५ पुस्तकका रूपमा प्रकाशित गरेका छन् ।

उनका रचनाहरू बारा र पर्सा जिल्लाबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूमा छापिएको पाइन्छ । विभिन्न समयमा प्रकाशित एकाङ्की नाटकहरूको सङ्ग्रह ‘अनुगमन’ भित्र नियाल्दा मेरो अनुभूति र जिज्ञासा शब्दमा व्यक्त गर्ने जमर्को गरेको छु ।

यस पुस्तकका लेखक लामो समय शिक्षण पेशामा बिताएका व्यक्तित्व हुन् । तथापि साहित्यप्रति रुची राख्ने, त्यसबारे अध्ययन, चिन्तनमा लाग्ने मात्र होइन । आफू रहेको ठाउँ आसपास हुने विभिन्न साहित्यिक कार्यक्रमहरूमा पनि सहभागिता जनाउने गर्छन् । र यो एकाङ्की सङ्ग्रहमार्फत राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा देखापरेका विसङ्गतिपूर्ण काम–कारबाहीमाथि तिखो व्यङ्ग्य गरेका छन् । राजनीति भनेको सेवा हो, स्वयंसेवा । तर राजनीतिकर्मी मात्र होइन, सामाजिक रूपान्तरणको महाअभियानमा लामबद्ध भएकाहरूको व्यवहार, कार्यशैली, तिनका बोलीसँग तालमेल नमिलेकोमा लेखक गुनासो गर्छन् । लेखक पाख्रिनको मात्र होइन, आम नागरिकहरू हाम्रो सामाजिक अवस्था संगलिएको देख्न चाहन्छन् । पुरानो अवस्थाबाट अलिक विकास भएको देख्न चाहन्छन् । हाम्रो समाज राष्ट्रका नेतृत्व आफ्नो जिम्मेवारी एवं उद्देश्यलाई बहु जन हिताय बनाउनुभन्दा निहित वैयक्तिक स्वार्थमा रुमलिएकोमा यस सङ्ग्रहमार्फत विभिन्न ठाउँमा असुन्तुष्टि व्यक्त गरेका छन् ।

अनुगमनमा लेखक पाख्रिनका विभिन्न बाह्रवटा शीर्षकमा एकाङ्की नाटक समावेश गरिएका छन् । यो उनको पहिलो कृति हो । सामाजिक मर्म, चाहना र भावनालाई आत्मासात् गरेको देखिन्छ । प्रत्यक्ष समस्याको सही समाधान नगरिए भोलिको समाजमा त्यसले नराम्ररी गाँज्न सक्छ भन्ने सङ्केत गरिएको छ । समाजका अगुवा अभियन्ताहरूको ध्यान त्यसतर्फ जाओस् भन्न खोजेका छन् लेखकले । यस सङ्ग्रहमा विद्यार्थी, शिक्षक, राजनीतिक अभियन्ता, युवालगायत सामाजिक मनोदशा र त्यसको प्रभावबारे विभिन्न ढङ्गले तिनको मनोविज्ञानलाई दर्शाउने प्रयत्न भएको छ । यद्यपि कहींकहीं केही सन्दर्भहरू अलिक दोहोरिएजस्तो लागे पनि नाटक आफैंमा रोचक छ । किनकि नाटकको माध्यमबाट समाजमा झ्याङ्गिँदै गएको खराब प्रवृत्ति उजागर गर्नु र त्यसको समाधान दिनु वा पहेली सुझाउनु पनि सेवा भाव नै हो । त्यसो गर्नु भनेको सामाजिक उत्तरदायित्व निर्वाह गर्नु पनि हो । यी सन्दर्भ विचलन, पूर्वसन्ध्यामा, र पश्चात्ताप एकाङ्कीमा विभिन्न पात्रहरूले उजागर गरेका छन् ।

समाजमा व्याप्त रूढिवादी चिन्तनमा आधारित धामी–झाँक्रीले गर्ने फुकफाकबाट बिरामीहरू निको पार्ने अन्धविश्वासको कडा प्रतिरोध चन्दा नामकी पात्राले गरेको सन्दर्भ अत्यन्तै राम्रो छ । अन्धविश्वासबारे नयाँ सन्देश दिन खोजिएको छ –उज्यालोतिर भन्ने नाटकमा । यसमा मात्र होइन, हरेक शीर्षकमा परम्परागत सोचभन्दा माथि उठ्नुपर्छ । र परम्परा मान्ने र धान्ने प्रवृत्तिले मानव समाजको विकास र समृद्धिको ढोका खोल्न सकिंदैन भन्ने विषय उठाउन खोज्नु लेखकको आँट सराहनीय छ । नाटक खासगरी पढ्नेभन्दा पनि हेर्दा प्रत्यक्षरूपमा यसका पात्रहरूको कलात्मक संवादले भावलाई अझ मुखरित गर्ने विधा हो । लेखक पाख्रिनले यस नाटकको माध्यमबाट समाजमा आम मान्छेले एक अर्कालाई दिने धोका, पार्ने अप्ठ्याराहरू मात्र नभई अन्य प्रकारका सामाजिक विकृतिहरूको रोचक र घोचक ढङ्गले प्रस्तुत गरेका छन् । सामाजिक रूपान्तरणको पक्षमा आफ्नो मत जाहेर गर्दै भोगेको अनुभूतिहरूको सजीव चित्रण हो अनुगमन । समग्र सामाजिक परिवर्तन क्रममा भएका सङ्घर्ष, आन्दोलन मात्र नभई आम मान्छेले आफूलाई नयाँ चेतनाका आधारमा परिमार्जित गर्दै अघि बढेको कथा–व्यथाहरूको एउटा समष्टि रूप हो–एकाङ्की सङ्ग्रह अनुगमन ।

शिक्षक र विद्यार्थीबीचको सम्बन्ध र त्यसको प्रभावबारे भूल उपशीर्षकको नाटकमा देखाइएको छ । शिक्षकले गर्ने लापरवाहीका कारण एउटा नयाँ उदीयमान विद्यार्थीमा पर्ने असरका कारण नवप्रतिभाले बेहोर्नुपर्ने नोक्सानी विभिन्न पात्रको माध्यमबाट उजागर गरिएको छ । यद्यपि दुवै सम्बन्धित पक्षको स्वीकारोक्तिसँगै यो सन्देशमूलक पनि छ । त्यतिमात्र नभई प्रकृतिप्रतिको प्रेम, प्रकृतिमाथि सबैको पहुँचको प्रश्न आफैंमा महत्त्वपूर्ण छ । त्यसैले कसैलाई काखा कसैलाई पाखा गर्ने प्रवृत्ति हाम्रो समाजमा विद्यमान छ । प्रकृति भन्नाले जल, जङ्गल, जमीन आदि बुझ्न सकिन्छ । यसमा आम नागरिकले आवश्यकताका आधारमा भोगचलन गर्ने चलन छ । यसको उपभोग गर्दा यसबाट पर्ने असर र प्रभावित बन्ने जीवजन्तु र अन्य विषयमा पनि ध्यान पुर्‍याउनुपर्छ भन्ने कुरा अतिक्रमणमा मुखरित गर्न लेखकले भरपूर मिहिनेत गरेका छन् । यो अत्यन्तै महत्त्वको विषय पनि हो । यस कृतिमा समावेश गरिएको अनुगमन शीर्षक एकाङ्कीले नाटकको अग्रभाग अर्थात् यसको नामकरण नै अनुगमन भएको छ । चाहे निजी होस् वा सरकारी, सङ्घ संस्थाहरूको अवस्था, काम, कारबाहीको अनुगमन कसरी गरिन्छ त्यसको प्रस्तुति प्रस्टचाउन खोजिएको छ । जिम्मेवारी निर्वाह गर्नेहरूको भूमिकाका विषयमा प्रश्न उठिरहेको छ । हरेक क्षेत्रमा गरिने अनुगमन सही अर्थमा नभएकै कारण सर्वत्र बेथिति बेहोर्नुपरेको सन्देश यस रचनामा निहित छ ।

त्यस्तै विश्वासघात, गुरुदक्षिणा, बडीगार्ड र चक्काजाम नाम शीर्षकका रचनाहरू पनि नेपाली समाजको यथार्थ झल्कने मात्र नभई, त्यसका सबल र निर्बल पक्षहरूको प्रकटीकरण हो । समाजमा अझै पनि वृद्धवृद्धालाई आदर गर्नुभन्दा उपेक्षाभाव राख्ने, विभिन्न बहानामा ठग्ने प्रवृत्तिको चिरफार यी रचनाहरूमा छ । त्यसो त यौन मनोविज्ञान र त्यसप्रतिको गलत बुझाइका कारण समाजमा घट्ने विविध घटनाहरूलाई विषयवस्तु बनाई प्रस्तुत गर्ने लेखकको क्षमता अब्बल मान्नुपर्छ । त्यतिमात्र नभई राजनीतिक दल वा विभिन्न पेशागत सङ्घ, संस्थाहरूले पनि आफ्ना माग पूरा गराउन गरिने दबाबमूलक कार्यक्रम चक्काजामबारे पनि केही कुरा उठाएका छन्–लेखक पाख्रिनले ।

यस सङ्ग्रहमा उठाइएका विषयवस्तु र दिन खोजिएको सन्देशलाई मनन गर्ने हो भने लेखक आफ्नो धर्म निर्वाह गर्न सफल भएका छन् । समाज र मानिसलाई परम्परावादी चिन्तन र सोचभन्दा माथि उठ्नुपर्छ भन्ने सकारात्मक धारणा सङ्ग्रहमार्फत अगाडि सारेका छन् । र समाजमा असरल्ल छरिएका विकृति र विसङ्गतिपूर्ण अवस्थाबाट माथि उठ्न सबै क्षेत्र लागिपर्नुपर्छ । त्यसपछि मात्र सबैले सबैलाई सकारात्मक ढङ्गले बुझ्न बुझाउन सकिन्छ भन्ने मूल सन्देशसहित साहित्य लेखन क्षेत्रमा क्रियाशील समीर पाख्रिनलाई शुभकामना ! आगामी दिनमा योभन्दा अझै ओजिलो सिर्जनाका साथ साहित्यिक क्षेत्रमा प्रस्तुत हुने कामनासहित!

–हेटौंडा, मकवानपुर ।

हाल : सीता पाइला, काठमाडौं ।

## गजल

**- वैद्यनाथ ठाकुर**

बाटोमा हिंड्दा कहिले सर्पले डस्छ
थकाइ मेट्न मान्छे एकैछिन बस्छ ।

सजिलो छैन दुनियाँमा केही पाउन
सफल हुन मान्छे सैयौं पल्ट खस्छ ।

बसीबसी खान अल्छी त्यसै पाउँदैन
पेट भर्न साधु जीउभरि खरानी घस्छ ।

स्वार्थ नमिल्दा सधैंभरि दुनियाँमा
आफन्तले नै पिठ्युँमा छुरा धस्छ ।।

क्रान्तिकारी सपना साह्रै मीठो हुन्छ
आँखाको बाटोबाट मुटु भित्र पस्छ ।

# लभ इन वीरगंज

धारावाहिक नाटक



**समीर पाख्रिन**

उषाले सुशीलालाई अङ्कमाल गर्छे ।

सुशीलाः लगा न हेरौं , सुहाउँछ कि सुहाउँदैन ।

उषा : मामु, म भरे लगाएर देखाउँछु नि है ? अहिले मलाई हतार भइसक्यो । म गएँ ।

उषा हतार–हतार घरबाट प्रस्थान गर्छे ।

०००

समयः मध्याह्न । रामटोलस्थित अङ्कितको घर । वृद्धा कौसीमा घाम तापेर बसिरहेकी छन् । अङ्कित कोठामा बसेर मोबाइलमा अपडेटहरू हेरेर बसिरहेको बेला उसको मोबाइलको घण्टी बज्छ । कल उसको साथी आशिषको हुन्छ ।

अङ्कित : (मोबाइलमा) हेलो आशिष ! अँ भन ।

आशिष : (मोबाइलमा) अङ्कित तैंले आजको गोरखापत्र हेरिस् ?

अङ्कितः (मोबाइलमा) छैन, किन ?

आशिषः (मोबाइलमा) तेरो लागि खास सरप्राइज छ । तुरुन्त गएर हेरी हाल् ।

अङ्कितः (मोबाइलमा) भन्न यार, के छ ? मलाई लास्टै टेन्सन भइसक्यो ।

आशिषः (मोबाइलमा) महालक्ष्मी बैंकको सर्भिस कन्फरमेशन लिस्टमा तेरो नाम पनि निस्किएको छ ।

अङ्कितः (मोबाइलमा) यु मिन, मैले जब पाएँ हैन त ?

आशिषः (मोबाइलमा) हो, हो । कन्ग्राच्युलेशन ।

अङ्कितः हजुरआमा, तपाई कहाँ हुनुहुन्छ ?

वृद्धा : किन र ? म बाहिर घाम ताप्दैछु ।

अङ्कित : (बडो प्रसन्नतापूर्वक बाहिर आएर वृद्धालाई अङ्कमाल गर्दै ) मैले बैंकमा जागिर पाएँ, हजुरआमा ।

वृद्धाः (हात जोडेर मनमनै मातालाई सम्झँदै) हे गहवा माता ! हजूरलाई लाख लाख धन्यवाद । यो दुःखीको बिन्ती सुनिदिनु भो । (बाकसको थैलीबाट हजारको नोट झिकेर दिंदै ) ला बाबु,, जा मातालाई एक्काईसवटा लड्डु चढाएर ढोग र बाँकी पैसाले साथीहरूसित चिया नाश्ता खा ।

अङ्कित (हजारको नोट पाएर हजुरआमाको गाला चिमोट्दै) म कति भाग्यमानी है हजुरआमा ? किनकि मैले तपाईंजस्ती मायालु हजुरआमा पाएको छु । (घरबाट निस्कदै स्वयंसित) पहिला आमाबाबालाई फोन गरेर यो खुशीको खबर शेयर गर्नुपर्‍यो ।

फोन लगाउँछ ।

ममीः हेलो, अङ्कित भन् बाबु । तँलाई सञ्चै छ नि ?

अङ्कितः ठीक छु, हजुरहरूलाई कस्तो छ ?

ममीः ठीकै छौं । तेरो बाबाको थेरापी अब दुई दिन बाँकी छ । त्यसपछि हामी पनि वीरगंज फर्कन्छौं । तेरी हजुरआमा बूढीलाई त सञ्चै छ नि ?

अङ्कितः सञ्चै हुनुहुन्छ । अँ तपाईहरूलाई खुशीको खबर छ ।

ममीः कस्तो खुशीको खबर बाबु, सुना न ?

अङ्कितः बाबा कहाँ हुनुहुन्छ ?

ममी : तेरो बाबा भित्र कोठामा टिभी हेर्दैछ । भन्न कस्तो खुशीको खबर हो ?

अङ्कितः मामु, तपाईं मोबाइल लिएर बाबाको नजीक जानोस् र स्पीकर अन् गर्नोस् ( अङ्कितकी ममी मोबाइल लिएर श्रीमान्को नजीकै सोफामा बस्छे र स्पीकर अन गर्दै ) एकक्षण टिभी सानो पार्नोस् न अङ्कित कुरा गर्ने अरे ।

अङ्कितः बाबा, ढोग गरें है ।

बाबा : भाग्यमानी भएस् बाबु ।

अङ्कितः बाबा, मैले बैंकमा जागिर पाएँ । मलाई एक हप्तापछि पोखरा जानुपर्छ । हजुरहरू कहिले आउनुहुन्छ ? त्यहाँ गएर रूम नपाउन्जेल होटलमा बस्नपर्छ होला, शायद । यसैले खर्चको व्यवस्था गर्नुहोला ।


बाबा : खर्चको चिन्ता तँ नगर् न । हामी पर्सि वीरगंज आइपुग्छौं ।

अङ्कितः हस् अहिले राखें । ( स्वयंसित)..निक्कै दिन भयो उषासित भेट नभएको । आज मैले उसलाई यो खुशीको कुरा शेयर गर्नैपर्छ । सुनेर कति खुशी हुन्छे होली । आज उसलाई गोपाल मिष्टान्न भण्डारमा बोलाउनुपर्‍यो र दोसा पनि खुवाउनुपर्‍यो ।

क्रमशः

# जसको घर जल्छ, उसले एक वर्ष श्मशानमा बस्नुपर्छ

सामान्य जनले त्यति बेला प्रेरणा लिन्छन् जब आदर्शको चर्चा गर्ने, नीतिवेत्ता, नियम बनाउने स्वयंले त्यसको पालना गर्छ । एक वर्षभन्दा बढी समय लू चल्यो । प्रजाको झुपडी फूसको बनेको थियो । मजबुत सामग्री उपलब्ध थिएन । मान्छे पनि लापरवाह हुन थाले, हरेक दिन अग्निकाण्डको घटनाको समाचार दरबारमा पुग्थ्यो । बिंबसारजस्तो दयालु राजाको लागि स्वाभाविक थियो कि उनले पीडितलाई सहयोग गरून् । धेरै अग्निकाण्ड भयो र सहायता राशि पनि पहिलेको तुलनामा निकै बढ्यो ।



जनताको लापरवाही रोक्नको लागि राजाज्ञा प्रसारित भयो– जसको घरमा आगो लाग्छ, उसले एक वर्ष श्मशानमा बस्नुपर्ने दण्ड भोग्नुपर्छ । जनता सतर्क भयो । एक दिन राजाको भूसाको कोठामा आगो लाग्यो र हेर्दाहेर्दै जल्यो ।

समाचार पाएपछि दरबारबाट राजालाई श्मशानमा बस्ने आज्ञा भयो । दरबारीहरूले सम्झाए– नियम त प्रजाजनको लागि हुन्छ, राजाले त नियम बनाउँछ, उनीमाथि नियम लागू हुँदैन । तर बिंबसारले कसैको कुरा मानेनन् । फूसको झूपडी बनाएर श्मशानमा बस्न थाले ।

समाचार फैलिएपछि सतर्कता सबैले अपनाए र अग्निकाण्ड हुने दुर्घटनाको सिलसिला समाप्त भयो ।

## अन्तर्राष्ट्रिय समाचार

# बेलायतमा आइसोलेशनको समय पाँच दिनमात्र

लन्डन ३० पुस/सिन्हवा

बेलायतमा कुनै नागरिक कोभिड सङ्क्रमित भएपछि बस्नुपर्ने सेल्फ आइसोलेशनको समय पाँच दिनमा छोट्याइएको छ। यस अघि सात दिन रहेकोमा कटौती गरेर कोभिड पोजेटिभ देखिएको व्यक्तिले अब सेल्फ आइसोलेशनमा पाँच दिन मात्र बसे पुग्ने भएको छ।



बेलायतले आत्म-एकान्तीकरण अवधि सात दिनबाट घटाएर पाँच दिन गरेको दिन थेम्स नदी किनारस्थित कोभिड स्मारक पर्खाल भएर हिंड्दै एकजना मानिस। फोटो : सिन्हवा

यहाँका स्वास्थ्य अधिकारीहरूको परामर्शमा सरकारले सो समयमा कटौती गरेको बेलायतका स्वास्थ्यमन्त्री सजिद जाभिदले बताएका छन्। उनका अनुसार यहाँका नागरिकमा आगामी सोमवारदेखि सो आइसोलेशन समय लागू हुने भएको हो। पाँच दिन बसेर छैटौं दिनको बिहान कोभिड पोजेटिभ देखिएका व्यक्ति आइसोलेशनबाट बाहिर निस्कन पाउने भएका हुन्।

### भारतमा थप दुई लाख ६४ हजारभन्दा बढी कोरोना सङ्क्रमित

नयाँ दिल्ली/एएनआई

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप दुई लाख ६४ हजार २०२ जना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रवार जानकारी दिएको छ। योसँगै भारतमा कुल सङ्क्रमित सङ्ख्या तीन करोड ६५ लाख ८२ हजार १२९ पुगेको छ।

सोही अवधिमा थप ३१५ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। योसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८५ हजार ३५० पुगेको मन्त्रालयले जानकारी दिएको छ।

हाल यहाँ पाँच हजार ७५३ ओमिक्रोनका सङ्क्रमित रहेका पनि सो मन्त्रालयले शुक्रवार जानकारी दिएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामैं बाह्र लाख ७२ हजार ७३ रहेका छन्। गएको २४ घण्टामा मात्र एक लाख ५४ हजार ५४२ जना सक्रिय सङ्क्रमित थपिएका छन्।

भारतमा एक लाख ९ हजार ३४५ कोरोनाबाट मुक्त भएका छन्। योसँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४८ लाख २४ हजार ७०६ जनालाई कोरोना सङ्क्रमण निको भएको छ। यहाँ कोरोना भाइरस निको हुने दर ९५.२० प्रतिशत रहेको जनाइएको छ।

कोरोना शुरू भएदेखि हालसम्म ६९ करोड ९० लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ५५ करोड ३९ लाखभन्दा बढी डोज खोप लगाइएको छ।

### चीनको मुख्य भूमिमा २.९२ अर्ब भन्दा बढी कोभिड-१९ कोरोनाविरुद्ध खोपको डोज दिइयो

बेइजिङ/सिन्हवा

चिनियाँ मुख्य भूमिमा बिहीवारसम्म २.९२ अर्बभन्दा बढी कोभिड-१९ खोपको डोज दिइएको राष्ट्रिय स्वास्थ्य आयोगको तथ्याङ्कले शुक्रवार जनाएको छ।

सन् २०१९ को डिसेम्बर महीनादेखि चीनको हुबे प्रान्तको वुहान शहरबाट कोरोना भाइरसको महामारी शुरू भएको थियो। सो समयदेखि हालसम्म चीनमा सङ्क्रमितको सङ्ख्या कम नै भए तापनि विश्वको तुलनामा कोरोना भाइरसविरुद्ध खोप डोज उच्च मात्रामा लगाइएको छ।

### चीनभित्रै सङ्क्रमण भएकाहरूको सङ्ख्या बढ्न थाल्यो

चीनमा देशभित्रै सङ्क्रमित हुनेहरूको सङ्ख्या बढ्न थालेको यहाँका स्वास्थ्य अधिकारीहरूले बताएका छन्। चीनमा पनि पछिल्लो समयमा कोरोना भाइरस सङ्क्रमणको प्रकोप बढ्न थालेको बताइएको थियो। त्यसपछि उत्तरी चीनको सियान शहरमा अघिल्लो महीना लकडाउन गरिएको थियो। यहाँका अधिकारीहरूले सियानका एक करोड ३० लाखभन्दा बढी मानिसलाई घरमैं बस्न निर्देशन दिएका थिए।

डिसेम्बरको मध्यतिर दैनिक १५० जनाभन्दा बढीमा कोभिड पुष्टि भएपछि सरकारले लकडाउन गरेको थियो। चीनले कोभिड पूरै नियन्त्रण गर्ने कडा रणनीति बनाएको छ। महामारी रोक्न त्यस अन्तर्गत सामूहिक परीक्षण र कडा लकडाउनजस्ता उपाय अवलम्बन गरिएको छ।

उता बिहीवार पनि यहाँका हेनान र तियाजिन प्रान्तमा १४३ जना सङ्क्रमित भेटिएका अधिकारीहरूले जनाएका छन्। तीमध्ये सबैभन्दा बढी हेनानमा ९८ जना भेटिएका अधिकारीहरूले जनाएका छन्। यहाँ देशभित्रै र बाहिरबाट आएकाहरूमा पनि सङ्क्रमण पाइएको छ।

चीनले फेब्रुअरीमा ग्रीष्मकालीन ओलिम्पिक आयोजना गर्न लागेको छ। त्यसैले चीनले अहिले कोभिडबारे उच्च सतर्कता कायम गरेको छ। रासस

# कोरोनाका बिरामीबाट अस्पताल भरिँदै

-शरद् शर्मा

काठमाडौं, ३० पुस/रासस

अहिले देखिएको कोरोना भाइरस सङ्क्रमणले धेरै बिरामीलाई अक्सिजनको आवश्यकता नपर्ने चिकित्सकहरूले जनाएका छन्।

सङ्क्रमणको दोस्रो लहरले अधिकांश बिरामीलाई अक्सिजनको आवश्यकता परेपनि अहिले देखिएको ओमिक्रोन भेरिएन्टबाट सङ्क्रमित हुने धेरै बिरामीलाई अक्सिजनको आवश्यकता नपर्ने चिकित्सकले बताएका हुन्।

अस्पतालमा जटिल सङ्क्रमितको सङ्ख्या बढी नआएको चिकित्सकले बताएका छन्। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा मनीषा रावलले अस्पतालमा भर्ना भएकामध्ये धेरै बिरामीलाई अक्सिजन आवश्यक नभएको बताइन्। "अहिले अस्पतालमा उपचार गर्न आएका सङ्क्रमित बिरामीलाई अक्सिजनको आवश्यकता परेको छैन"–उनले भनिन्–"६० प्रतिशत बिरामीलाई अक्सिजन आवश्यकता परेको छैन।" सङ्क्रमितलाई अक्सिजन नचाहिए पनि अक्सिजन प्लान्ट र तरल अक्सिजन प्लान्ट अस्पतालले तयारी अवस्थामा राखेको छ।

उनका अनुसार अस्पतालमा भर्ना भएका १२ मध्ये तीनजनालाई सघन उपचार कक्ष (आइसियु)मा अक्सिजन दिई उपचार गरिएको छ। नौजनाको हाई डिपेन्डेन्सी कक्ष (एचडीयु)मा उपचार भइरहेको छ। उनका अनुसार अस्पतालमा भर्ना भएका अधिकांश बिरामीमा घाँटीमा अप्ठेरो हुने, नाकबाट पानी बग्ने, शरीर दुख्ने, शरीर तातो हुने, रुघा लाग्नेजस्ता समस्या देखिएका छन्।

यस्तै अहिले ओमिक्रोन भेरिएन्टले मानिसको माथिल्लो स्वासप्रस्वास नलीमा सङ्क्रमण गराई स्वासप्रस्वास गर्न समस्या गराउने गर्दछ। यस अघिका डेल्टा भेरियन्टले तल्लो स्वासप्रस्वास नली वा फोक्सोमा सङ्क्रमण गराउने गर्दथ्यो। टेकु अस्पतालमा हिजो पुस २९ गते १५ जना बिरामी आएकामध्ये १० जनालाई कोभिड-१९ सङ्क्रमण भएको थियो। अस्पतालमा १०० शय्यासहित २४ आइसियु रहेको छ। अस्पतालका निर्देशक डा रावलले सङ्क्रमित बढिरहेकाले अबको दुई हप्ता चुनौतीपूर्ण रहेको बताए। "ओमिक्रोन भेरिएन्टले कस्तो रूप लिन्छ, त्यसैको आधारमा अबको दुई हप्ता चुनौतीपूर्ण हुने देखिन्छ"–उनले भने।

यसैगरी बलम्बुस्थित सशस्त्र प्रहरी बल अस्पतालमा पनि सङ्क्रमितको सङ्ख्या बढिरहेको छ। अहिले अस्पतालमा ५५ सङ्क्रमितको उपचार भइरहेको छ। अस्पतालका डा प्रवीण नेपालले पनि अहिले भर्ना भएका धेरै बिरामीलाई अक्सिजन नचाहिएको बताए। "दोस्रो लहरको जस्तो अहिले देखिएका सङ्क्रमितलाई अक्सिजन चाहिएको छैन"–उनले भने–"भर्ना भएका १५ प्रतिशत बिरामीलाई मात्र अक्सिजन दिएर उपचार गरिरहेका छौं।"

अहिलेका सङ्क्रमितलाई घाँटी दुख्ने, ज्वरो आउनेजस्ता समस्या देखिएको उनको भनाइ छ। यस्तै कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल (वीर अस्पताल)मा विगत २४ घण्टामा १४ जना बिरामी भर्ना भएका छन्। अस्पतालका प्रमुख डा भूपेन्द्र बस्नेतले सङ्क्रमण बढेसँगै सङ्क्रमित पनि भर्ना हुन आउने बढेको बताए। उनका अनुसार अहिले ५२ बिरामी अस्पतालमा उपचाररत छन्। तीमध्ये नौजनाको आइसियुमा उपचार भइरहेको छ।

सरकारले कोरोना भाइरस सङ्क्रमितको उपचार गर्न गत वर्ष युनिफाइड अस्पताल सञ्चालनमा ल्याएको हो। उनले अहिलेसम्म भर्ना भएका धेरै बिरामीलाई अक्सिजनको आवश्यकता नपरेको बताए। अस्पतालमा दैनिक २५० सिलिन्डर अक्सिजन उत्पादन गर्ने प्लान्ट र २० टन क्षमता भएको तरल अक्सिजन प्लान्ट रहेको छ। अस्पतालमा ५०० शय्यासहित १०० शय्याको आइसियु रहेको छ।

ओमिक्रोन भेरिएन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि सङ्क्रामक दर गुणात्मकरूपमा फैलिने बताइएको छ। ओमिक्रोनले कोरोना खोप लगाएका/नलगाएका दुवैलाई सङ्क्रामक बनाउन सक्दछ। यो भेरिएन्टको सम्भावित जोखिम रोक्न अस्पताललाई आवश्यक अक्सिजन, सघन उपचार कक्ष (आइसियु), हाई डिपेन्डेन्सी युनिट (एचडियु), भेन्टिलेटर, आइसोलेशन र स्वास्थ्यकर्मी पनि तयारी अवस्थामा राखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीका अनुसार नेपालमा अहिले आइसियु दुई हजार ७९७, भेन्टिलेटर एक हजार आठ, एचडियु तीन हजार ८४६ रहेका छन्। यस्तै अक्सिजन सिलिन्डर १३ हजार ९३९, अक्सिजन कन्सट्रेटर ६९३ रहेका छन्। २५ अक्सिजन ट्याङ्कमा १९ वटा र १०७ मध्ये ८७ अक्सिजन प्लान्ट सञ्चालनमा आइसकेको छ। उपत्यकामा दुई हजार ४९४ आइसोलेशन शय्या, ३२४ एचडियु, ४४५ आइसियु र २५४ भेन्टिलेटर रहेका छन्। हालसम्म नेपालमा २७ वटा ओमिक्रोन भेरिएन्टका सङ्क्रमित पत्ता लागेको छ।

# हल्का वर्षाको सम्भावना

काठमाडौं, ३० पुस/रासस

पश्चिमी वायुको प्रभावले आज पहाडी भूभागका केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार उक्त प्रणालीको प्रभावले प्रदेश नं १, २ तथा सुदूरपश्चिमी प्रदेशमा आंशिक बदली भई पहाडी भूभागका केही स्थानमा हल्का वर्षा हुने सम्भावना रहेको छ। देशका अन्य भूभागको मौसम सामान्यतया सफा रहने बताइएको छ।

त्यस्तै माघ १ गते प्रदेश नं १, बागमती र गण्डकी प्रदेशमा आंशिक बदली रही प्रदेश नं १, बागमती तथा गण्डकी प्रदेशका पहाडी भूभागका एक वा दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ। विभागले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै देशभर, चीसो अझै बढ्ने क्रममा रहेकोले चीसोबाट बच्न र त्यसको प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अँगाल्न अनुरोध गरेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ४ दशमलव ६ डिग्री र अधिकतम तापक्रम १६ दशमलव ५ डिग्री सेल्सियस रहेको छ।

आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस ५ दशमलव ४ डिग्री र सबैभन्दा धेरै जनकपुरको अधिकतम तापक्रम २२ दशमलव ८ डिग्री सेल्सियस रहेको छ।

# अफगानिस्तानलाई सहयोगका लागि आग्रह

न्यूयोर्क, ३० पुस/एएनआई

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बिहीवार अन्तर्राष्ट्रिय समुदायलाई अफगानिस्तानको केन्द्रीय बैंकलाई तुरून्तै सहायता प्रदान गर्न र देशको अर्थतन्त्रमा तरलता रोक्न थप सहयोग गर्न आह्वान गरेका छन्।

"अफगानिस्तानको केन्द्रीय बैंकको कार्यलाई संरक्षित र सहयोग गर्नुपर्छ र अफगान विदेशी मुद्रा भण्डारको सशर्त फुकुवाका लागि मार्ग पहिचान गरिएको छ"–स्पुतनिकले गुटेरेसको बयानलाई उद्धृत गर्दै लेखेको छ। "हामीले अर्थतन्त्रमा द्रुतरूपमा तरलता इनजेक्शन गर्न र लाखौंको लागि गरीबी, भोक र विपन्नता निम्त्याउने मन्दीबाट बच्न अझ बढी केन्द्रित गर्नुपर्दछ"– गुटरेसले थपे।

अगस्त मध्यमा तालिबानले कब्जा गरेपछि अमेरिकाले अफगानिस्तानको करीब १० अर्ब डलरको सम्पत्ति रोक्का गर्दै इस्लामिक इमिरेट्समाथि प्रतिबन्ध लगाएको थियो।

यसबीच अफगानिस्तानलाई विदेशी सहायता अवरोधले पहिल्यैदेखि कमजोर आर्थिक प्रणालीलाई थप अपाङ्ग बनाएको छ जसले लाखौं मानिसको जीवनमा प्रतिकूल असर परेको छ। रासस

# सिरियाको राजनीतिक समाधानबारे छलफल

वाशिंगटन, ३० पुस/एएनआई/स्पुतनिक

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले जोर्डनका विदेशमन्त्री अयमान सफादीसँग आज वाशिंगटनमा भेट गरेका छन्। सो अवसरमा उनीहरूले सिरिया र प्यालेस्टिन दुवैको राजनीतिक समस्या समाधानबारे छलफल गरेको विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले विज्ञप्तिमार्फत जनाएका छन्।

विदेशमन्त्री ब्लिन्केनले सिरियामा राजनीतिक समाधान र इजरायल–प्यालेस्टिन द्वन्द्वको द्वीपक्षीय समाधानको समर्थनमार्फत यस क्षेत्रमा स्थायित्वका लागि अमेरिकी प्रतिबद्धतालाई पुनः पुष्टि गरे"– प्राइसले बिहीवार उल्लेख गरेका छन्। कूटनीतिज्ञहरूले जोर्डनको आर्थिक वृद्धि र अवसर विस्तार गर्ने, पानीमा पहुँच सुरक्षित गर्ने सुधारहरू गर्ने आवश्यकताबारे पनि छलफल गरेको जनाइएको छ।

मङ्गलवार जोर्डनका प्रधानमन्त्री विशेर अल खसाबनेहले अम्मोन न्यूजसँग गरेको अन्तर्वार्तामा आफ्नो देशले सिरियाली सरकारसँग मेलमिलापका लागि छलफल गर्न गोप्य च्यानलहरू खोलेको अस्वीकार गरेको थियो। रासस


ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं

वीरगंज महानगरपालिका


## आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनलाभ |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – सफलता | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – रोगभय |
| धनु – यात्रालाभ | मकर – शत्रुपराजय |
| कुम्भ – सुसमाचार | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## भ्रमणयोग्य गन्तव्य ....

भरिभराउँ थियो। कोही खाना पकाउने त कोही नाचगान र सेल्फी खिच्ने कार्यमा व्यस्त देखिन्थे। प्रायः युवा र वयस्क महिला तथा पुरुषहरूको उपस्थिति थियो। मानिस, मोटरसाइकल, टयाक्टर तथा कारले ठुटे खोलाको क्षेत्र खचाखच भरिएको थियो।

यससँगै केही असान्दर्भिक गतिविधि पनि दृश्यमान भयो। जस्तै पुलको पश्चिम छेउबाट उत्तर, खोलातर्फ जाने सवारी साधनहरूसँग रकम असुली गर्ने प्रवृत्ति देखियो। पार्किङ, वासिङ वा अन्य कुन सुविधाबापत सवारी शुल्क उठाइँदै थियो? केका लागि उठाइँदै थियो? लगायत प्रश्नहरूको अपाच्य उत्तरले सवारीधनीहरूको मन आहत भएको प्रतीत हुन्थ्यो। सवारीधनीहरूका अनुसार रकम असुली गर्नुको औचित्य स्पष्ट थिएन। रसिद काट्ने युवकसँग सवारीधनीहरूको प्रश्नको भरपर्दो जवाफ थिएन।

प्रकृतिको काखमा अवस्थित ठोरीमा उच्च मानवीय उपस्थितिले माहोल निकै उत्साहप्रद थियो। ठोरी विकासोन्मुख पर्यटकीय गन्तव्य हो। त्यसैले अवाञ्छित गतिविधि शून्य हुनुपर्छ। आगन्तुकहरूमा ठोरी आउनैपर्ने मनोविज्ञान स्थापित हुने वातावरण निमार्ण गर्न पालिका तथा ठोरीवासी सबै सचेत हुनुको विकल्प छैन। सकारात्मक वातावरणले नै ठोरीको उज्ज्वल भविष्यको दिशा निर्धारण गर्न सक्छ। अन्य समयको तुलनामा, खासगरी फर्स्ट जनवरी र वैशाख १ गते ठोरीमा मानिसहरूको अत्यधिक चाप हुँदोरहेछ। यद्यपि निश्चित समयबाहेक मानिसहरूले ठोरीलाई नै गन्तव्य किन बनाउने भन्ने तर्फ ठोरीवासीको ध्यान केन्द्रित हुनुपर्छ। साप्ताहिक बिदा तथा अन्य बिदामा मानिसहरूको घुइँचो हुने वातावरण निर्माणप्रति पालिका स्तरबाट पहलकदमी अपेक्षित छ। भीडभाड हुने सम्भावित बेला पालिका आफ्नो दायित्व निर्वाहमा कर्तव्यनिष्ठ हुनुपर्छ। व्यवस्थापकीय पक्षलाई अनिवार्य ठान्नुपर्छ।

### प्रहरीको नियत

साँझ चार बजे हामी ठोरीबाट वीरगंजको लागि प्रस्थान गर्‍यौं। करीब आधा घण्टामा विजयबस्ती पुग्यौं। विजयबस्तीस्थित श्रीराम माध्यमिक विद्यालय नजीक सशस्त्र प्रहरी सवारी चेकजाँचमा तल्लीन थियो। सोको झन्डै पाँच सय मिटर पूर्व नेपाल प्रहरी पनि सवारी चेकजाँचमैं व्यस्त थियो। आम सुरक्षाप्रति प्रहरीको समर्पणलाई जति प्रशंसा गरे पनि कम छ। यद्यपि यहाँ मूल प्रश्न के हो भने– के नयाँ वर्षको अवसरमा मानिसहरूको लर्को ठोरीतर्फ ओइरिन्छ भन्ने कुरा प्रहरीलाई पूर्व जानकारी थिएन? यस्तो अवसरमा आगन्तुकहरूले मदिरापान गर्ने सम्भावना बारे के प्रहरी अनभिज्ञ थियो? आआफ्नो क्षेत्रमा पर्ने हुलाकी सडकमा प्रहरीको उपस्थिति बिहानदेखि नै किन थिएन? लगायत प्रश्नहरू उब्जिनु किमार्थ अस्वाभाविक होइन। उक्त दिन सवारी चेकजाँचको दौरान निश्चितरूपमा मदिरापान गर्नेहरू नै बढी कारबाईमा परेका होलान्। यस्ता मौकालाई यदि प्रहरीले आफ्नो कर्तव्यपरायणता ठान्छ भने योभन्दा दुर्भाग्यपूर्ण अवस्था अरू केही हुन सक्दैन।

खोलामा पानीको दिशामा माछा बगेर आउने सम्भावनालाई मध्यनजर गरी मलाहा खोकी (ढडिया) थापेर बस्छ, सुरक्षाकर्मीहरूको मनोविज्ञान पनि ढडिया थाप्ने खालको थियो। नियत सफा थियो भने बिहानदेखि नै सुरक्षाकर्मीहरूको संवेदनशील सक्रियता किन थिएन? यहाँ प्रहरीको मनोविज्ञान 'हात्तीको खाने दाँत र देखाउने दाँत' भन्दा फरक भन्न सकिन्न। आम मनोविज्ञान पनि विचित्र छ। मदिरापान गरी सवारी चलाउनु हुँदैन भन्ने कुरा कसलाई थाहा छैन? ज्यान जोखिममा पार्ने कार्य कसैले पनि गर्नुहुँदैन। आफैं सचेत हुनुको विकल्प छैन। आखिर सो दिन सडक दुर्घटनामा परेर एकजना युवकको ज्यानै गयो।


मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं ME1RG525CK0063280, इन्जिन नं G3K5E0154963 भएको प्र.०२-०३-००६प ९२८१ नम्बरको यामाहा कम्पनीको १५५ सिसीको नीलो रङ्गको R15 VE ABS (२०१९) मोटरसाइकल २०७८/०९/२८ गते साँझ ६:१५ बजे वीरगंज मनपा-११ श्रीपुरस्थित गीता बेकरी अगाडि पार्क गरेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. ९८१९२९२८०१, ९८१६२०४७४० मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

– प्रकाश गुप्ता
वीरगंज महानगर-११, श्रीपुर



**निर्माणको चटारो**: महेन्द्र राजमार्ग अन्तर्गत डन्डा भन्ने ठाउँमा सडक निर्माण गर्दै चाइना स्टेट कन्स्ट्रक्शनका कामदारहरू। २०७५ सालमा साढे तीन वर्षको अवधिमा निर्माण सम्पन्न गर्न एशियाली विकास बैंकले रु १५ अर्बमा चाइना स्टेट कन्स्ट्रक्शनलाई सडक निर्माणको ठेक्का दिएको थियो। समयमा सम्पन्न हुन नसकेपछि २ वर्ष म्याद थप गरी सडक निर्माणको काम हुँदैछ। तस्वीरः पङ्कज श्रेष्ठ

# विपन्न आवास योजना कार्यान्वयन कार्यविधि र दलित सशक्तीकरण नियामावली स्वीकृत

जनकपुर, ३० पुस/रासस

प्रदेश नं २ सरकारले महेन्द्र नारायण निधि विपन्न आवास योजना कार्यान्वयन कार्यविधि र दलित सशक्तीकरण नियामावली स्वीकृत गरेको छ।

आज बसेको मन्त्रिपरिषद्को बैठकले महेन्द्रनारायण निधि विपन्न आवास योजना २०६८ स्वीकृत गरेको सरकारका प्रवक्ता आर्थिक मामिलामन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए।

सरकारले विपन्न आवास योजना–२०६८ स्वीकृत गरेसँगै प्रदेश नं २ का ६१० विपन्न परिवारले आवास पाउने भएका छन्। सो कार्यक्रम अन्तर्गत यो प्रदेशका आठवटै जिल्लाको प्रत्येक निर्वाचन क्षेत्रमा १० परिवारको घर निर्माण गरिने मन्त्री साहले जानकारी दिए। असहाय र विपन्न एकल महिला, कुनै पनि जात वर्गका आर्थिकरूपले विपन्न व्यक्ति, परिवार, दलित, लोपोन्मुख, सीमान्तकृत जाति, अनाथ बालबालिका, अशक्त वृद्धवृद्धालाई प्राथमिकताको आधारमा आवास व्यवस्था गरिने बताइएको छ।

प्रतिआवास कुल रु पाँच लाखमा प्लास्टरसहितको छाना भएको दुई कोठा, एक भान्छा घर र एक शौचालय रहने छ। आवास निर्माण द्रुत गतिमा अगाडि बढाइने मन्त्री साहले जानकारी दिए।

यस्तै मन्त्रिपरिषद्को बैठकले दलित सशक्तीकरण नियमावली २०६८ समेत स्वीकृत गरेको छ। सो नियमावली पारित भएपछि केही महीना अघि प्रदेश सरकारले गठन गरेको दलित सशक्तीकरण बोर्डलाई आफ्ना कामकारबाई अगाडि बढाउन सहज हुने विश्वास लिइएको छ।


**कोरोना संक्रमणबाट मुक्त भए पछि पनि ढुक्क नबनौं**

- श्वास फेर्न धेरै गाऱ्हो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महसूस भए,
- धेरै थकाइ र कमजोरी महसूस भए,
- एकाएक रक्तचाप घटबढ भए,
- थोरै हिंडदा स्वाँ–स्वाँ बढे।

सचेत बनौं र नजीकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## प्रधानमन्त्री कप क्रिकेट : सुदूरपश्चिमविरुद्ध आर्मी क्लब विजयी

काठमाडौं, ३० पुस/रासस

राजधानीमा जारी प्रधानमन्त्री कप टी–ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेशविरुद्ध खेल्दै त्रिभुवन आर्मी क्लब विजयी भएको छ। आर्मीको यो दोस्रो जीत हो।

मूलपानी क्रिकेट मैदानमा समूह 'ए' अन्तर्गत आज भएको खेलमा आर्मीले सुदूरपश्चिम प्रदेशलाई ३ विकेटले पराजित गरेको हो।

चार खेलमध्ये आर्मीले दुईमा जीत हासिल गरेको हो। आर्मीले यस अघि कर्णाली प्रदेशलाई ६३ रनले पराजित गरेको थियो भने नेपाल पुलिस क्लबसँग चार विकेटले हार बेहोरेको थियो। तेस्रो खेल हुन नसकेपछि आर्मीले प्रदेश नं १ सँग एक–एक अङ्क बाँडेको थियो।

सुदूरपश्चिमले भने पुलिसविरुद्ध पहिलो खेलमा दुई रनले पराजय भोगेको थियो भने कर्णाली प्रदेशलाई ४७ रनले पराजित गरेको थियो।

आजको खेलमा ११६ रनको लक्ष्य आर्मीले अन्तिम बलमा ७ विकेट गुमाएर पूरा गऱ्यो। आर्मीका लागि हरि चौहानले ३३ रनको योगदान दिए। विक्रम सोबले अविजित २९, भीम सार्कीले १३, शाहब आलमले १२ तथा कुशल मल्लले ११ रन बनाए। बलिङतर्फ सुदूरपश्चिमका आदित्य महताले सर्वाधिक ४ विकेट लिए। यस्तै नारायण जोशी, हेमन्त धामी र शेर मल्लले एक–एक विकेट लिए।

त्यस अघि टस हारेर ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा सबै विकेट गुमाउँदै ११५ रन बनायो। उसका लागि खडक बोहराले सर्वाधिक ३७ रन जोडे। वसन्त कार्कीले ३४ र अर्जुन साउदले १५ रन बनाए। बलिङतर्फ आर्मीका विक्रम सोबले उत्कृष्ट खेल प्रदर्शन गरे। उनी एक्लैले ६ विकेट लिए। चार ओभर बलिङ गर्ने क्रममा सोबले मात्र आठ रन खर्चे। यस्तै कुशल मल्ल, शाहब आलम र हरि चौहानले एकएक विकेट लिए।

## प्रधानमन्त्री कप क्रिकेट : पुलिस क्लबद्वारा कर्णाली पराजित

काठमाडौं, ३० पुस/रासस

नेपाल पुलिस क्लबले कर्णाली प्रदेशलाई पराजित गर्दै प्रधानमन्त्री कप टी–ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा लगातार तेस्रो जीत दर्ता गराएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको समूह 'ए' अन्तर्गतको खेलमा पुलिस क्लबले कर्णालीलाई ८९ रनले पराजित गरेको हो। पुलिसले यस अघि सुदूरपश्चिम प्रदेशलाई २ रनले तथा त्रिभुवन आर्मी क्लबलाई ४ विकेटले हराएको थियो। जीतसँगै पुलिस सेमिफाइनल नजीक पुगेको छ।

कर्णालीले हालसम्म खेलेका चार खेलमध्ये तीनमा पराजय बेहोरेको छ। कर्णालीको सेमिफाइनल पुग्ने सम्भावना समाप्त भएको छ। यस अघि कर्णालीले आर्मी र सुदूरपश्चिमविरुद्ध खेलमा पराजय भोगेको थियो भने प्रदेश नं १ लाई पराजित गरेको थियो।

आजको खेलमा पुलिस क्लबले दिएको २४५ रनको विशाल लक्ष्य पछ्याउने क्रममा कर्णाली निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १५५ रनमा समेटियो। कर्णालीका लागि प्रकाश जैसीले सर्वाधिक ६८ रनको योगदान गरे। उनले ४७ बल खेल्दै ६ चौका र ३ छक्का हाने। बलिङतर्फ पुलिसका योगेन्द्रसिंह कार्की र दीपेन्द्र सिंह ऐरीले दुई–दुई तथा पवन सर्राफ, कुशल भुर्तेल, करण केसी र गुलशन झाले एक–एक विकेट लिए।

त्यस अघि टस जितेर ब्याटिङ गरेको पुलिसले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै २४४ रन बनाएको थियो। पुलिसका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ८२ रनको योगदान दिए। उनले ३९ बलमा ९ चौका र ३ छक्का प्रहार गरे। यस्तै दीपेन्द्रसिंह ऐरीले ६२, दिलीप नाथले ३१, पवन शर्राफले २२, आरिफ शेखले १८ र मञ्जित श्रेष्ठले १९ रन बनाए। बलिङतर्फ कर्णालीका अनुज चुनारा, प्रकाश जैसी र रवीन्द्र शाहीले दुई–दुई विकेट लिए।

# प्रजिअमार्फत मुख्यमन्त्रीलाई ज्ञापन

प्रस, वीरगंज, ३० पुस/

लोसपाका नेता राजेशमान सिंहको नेतृत्वमा शुक्रवार प्रमुख जिल्ला अधिकारीमार्फत प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीलाई ज्ञापनत्र बुझाइएको छ।



तस्वीरः प्रतीक

घोषित कार्यक्रम अनुसार आज मुख्यमन्त्री गद्दीको वीरगंजस्थित निवासमा धर्ना दिने र ज्ञापनपत्र बुझाउने कार्यक्रम थियो। तर कोभिडको कारण २५ जनाभन्दा बढी भीड हुन नदिने स्थानीय प्रशासनको आग्रहलाई मान्दै धर्ना कार्यक्रम स्थगित गरिएको र प्रमुख जिल्ला अधिकारीमार्फत मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको नेता सिंहले बताए।

वीरगंजलाई राजधानी बनाउन यस अघि सिंहको नेतृत्वमा वीरगंजमा खबरदारी जुलूस निकालिएको थियो।

# जनमत पार्टी, पर्साद्वारा प्रदर्शन

प्रस, वीरगंज, ३० पुस/

जनमत पार्टी, पर्साले वीरगंजमा प्रदर्शन गरेको छ। जिल्ला प्रहरी कार्यालय, पर्सा अगाडि भेला भएर सो पार्टीले प्रदर्शन गरेको थियो।

किसान एकता जिन्दावाद, जनमत पार्टी जिन्दावादलगायत नारा लगाएर जिल्ला प्रहरी कार्यालय अगाडि भेला भई नगर परिक्रमा गरेको थियो। जनमत पार्टी, पर्साले हलो, कुटो, कोदालोसहित नगर परिक्रमा गरेको थियो। कार्यक्रममा अनिता देवी, राजु साहलगायतको सहभागिता थियो।

जनमत पार्टीले किसान आन्दोलनको रूपमा केही दिनदेखि मधेसकेन्द्रित आन्दोलन शुरू गरेको हो। सोही क्रममा आज विभिन्न स्थानमा प्रदर्शन गरेको बताइएको छ।

# सशस्त्र प्रउ खड्काको बिदाइ

प्रस, वीरगंज, ३० पुस/

वीरगंज उद्योग वाणिज्य सङ्घले सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्काको बिदाइ गरेको छ।



तस्वीरः सौजन्य

शुक्रवार सङ्घमा आयोजित कार्यक्रममा अध्यक्ष सुबोध गुप्ताले प्रउ खड्काको कार्यकाल सफल भएको दाबी गरे। उनले तस्करी नियन्त्रण, अवैध कारोबारविरुद्ध कारबाईमा खड्काले देखाएको भूमिकाको प्रशंसा गरे। सो अवसरमा उनले सशस्त्र प्रहरीलाई ८ हजार पिस मास्क र २ हजार पिस सेनिटाइजर हस्तान्तरण गरेका थिए।

बिदाइ कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ, प्रदेश २ का अध्यक्ष गणेश लाठ, सङ्घका पूर्व अध्यक्ष अशोक बैद, वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, कोषाध्यक्ष गोविन्द शाह, सहसचिव अनोज रूँगटालगायत पदाधिकारीहरूको सहभागिता थियो।

यसैगरी सशस्त्र प्रउ खड्कालाई ग्रीन सिटी सामुदायिक सेवा केन्द्रले बिदाइ गरेको छ। शुक्रवार बिहान कार्यक्रमको आयोजना गरी खड्काको बिदाइ गरिएको हो।

## पर्सा जिल्लाभरि....

आयोजना हुँदैछ।

**प्रस, वीरगंज/**

यसैबीच माघी पर्व मूल आयोजक समिति, पर्साले नेपाल पत्रकार महासङ्घ, पर्सामा पत्रकार सम्मेलन गरी माघ १ गते स्वीमिङपुलमा मनाउँदै आएको माघी पर्वको तयारी पूरा भएको जनाएको छ।

समितिका संयोजक रामसुन्दर चौधरीले यस वर्ष कोरोनाको कारण फरक तरीकाले माघी मनाउने बताए। स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर माघी मनाउने तयारी भएको उनले बताए। थारू कल्याणकारी सभाका केन्द्रीय पार्षद् नन्दकिशोर पंजियारले आदिवासी जनजाति थारू समुदाय राज्यको विभेदको शिकार भएको र माघी पर्व यस वर्ष विभेदविरुद्ध आन्दोलनको रूपमा मनाउन लागिएको बताए। उनले सबै सरकारले थारू समुदायको आवाजको बेवास्ता गरेको आरोप लगाउँदै पहिचान र संस्कृति संरक्षणमा एकजुट हुन सन्देश दिन यो वर्ष माघी मनाउन लागेको बताए। उनले माघीको अवसरमा पूर्ववत् गरिने रक्तदान कार्यक्रम, खाना महोत्सवले निरन्तरता पाउने जानकारी गराए।

पत्रकार सम्मेलनमा समितिका सहसंयोजक शेखर चौधरी, आर्थिक संयोजक परमानन्द चौधरी, गौतम चौधरी, मनोज चौधरी, प्रचारप्रसार संयोजक विजय ओझैया, एन्जल चौधरी, फोनिज पर्सा–२ का इन्चार्ज नीरज पिठाकोठे मगर, पर्साका अध्यक्ष अजित भुजेल, जगत राईलगायतको सहभागिता थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | पत्रकार महासङ्घ, पर्सा | पुरस्कार वितरण | शाखा कार्यालय सभाहल | ११:०० |
| २. | रिलिफ सोसाइटी अफ कमर्स | पूर्वज स्मृति समारोह | रिलिफ भवन | १२:३० |